## परिच्छेद-एक

# परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा बालबालिकाहरुको नैसर्गिक अधिकार हो भन्ने मान्यताले विश्वव्यापी रुप लिइसकेको छ । सन् १९९० मा थाइल्याण्डको जोमटिम भन्ने शहरमा "सबैका लागि शिक्षा" विषयक विश्व सम्मेलन भयो । केही समयपछि सेनेगलको राजधानी डकारमा सन् २००० मा भएको विश्व शिक्षा मन्चको बैठकले जोमटिन घोषणा पत्रलाई समिक्षा गर्दै सन् २०१५ सम्ममा सर्वशिक्षा अभियान स्वरुप सम्पूर्ण विद्यालय उमेरका बालबालिकाहरुलाई अनिवार्य रुपमा शिक्षा उपलब्ध गराउने प्रतिबद्धता जाहेर गरेको थियो । यसरी विश्व परिवेशमा सबै बालबालिकाहरुलाई शिक्षाको पहुँच पुर्‍याउने उद्देश्यले गठित विविध सम्मेलनहरुमा नेपालले पनि सहभागिता जनाई प्राथमिक उमेर तहका सब बालबालिकाहरुलाई शिक्षाको अवसर दिने प्रतिवद्धता जनाइसकेको छ । यस किसिमका प्रतिबद्धताका बाबजुद वर्तमान अवस्थामा नेपालको प्राथमिक तहमा विद्यार्थीहरुको खुद भर्नादर ९३.६५ प्रतिशत रहेको छ । जसमध्ये केटीहरुको भर्नादर ९२.६ प्रतिशत रहेको र केटाहरुको ९४.७ प्रतिशत रहेको पाइन्छ । जसमध्ये प्राथमिक तहमा विचैमा छोड्ने दर ६.५ प्रतिशत रहेको छ जसमध्ये ६.३ प्रतिशत केटीहरुको संख्या छ भने केटाहरुको संख्या ६.७ प्रतिशत रहेको छ (शिक्षा विभाग, २०६७) । जसलाई ठूलो समस्याको रुपमा लिइएको छ । यो तथ्याङ्कले के पुष्टि गर्दछ भने प्राथमिक तहको विद्यार्थीहरुले विद्यालय बिचैमा छोड्ने दर बृद्धि हुनुमा अभिभावकको पारिवारिक, सामाजिक र आर्थिक समस्या नै मुख्य वाधकको रुपमा रहेको देखिन्छ ।

प्राथमिक तहमा भर्ना भएका बालबालिकाहरुमध्ये कयौं बालबालिकाहरुले सो तहमा बिचैमा विद्यालय छोड्ने गर्दछन् । कमजोर आर्थिक अवस्था, शिक्षाप्रतिको चेतनाको अभाव एवं विविध सामाजिक समस्याका कारणहरुले गर्दा बालबालिकाहरु प्राथमिक तहमा विद्यालय छोड्न बाध्य छन् । यसरी प्राथमिक तहमा विद्यालय छोड्ने प्रकृति एउटा समस्याको रुपमा खडा भएको छ । यो उत्पन्न हुनुमा भाषागत समस्या, बालमैत्री कक्षाको अभाव साथै शिक्षण सिकाईमा विद्यमान कमिकमजोरीहरु र द्वन्द्व जस्ता कारणहरुलाई पनि प्रमुख रुपमा मान्न सकिन्छ ।

नेपाल राज्यकै विकट र सामाजिक, आर्थिक, राजनैतिक रुपले पिछडिएको दार्चुला जिल्लाको शैक्षिक अवस्था त्यति सन्तोषजनक रहेको पाईदैन । अधिकांश परिवारहरुको जीविकोपार्जनको साधन कृषि नै भएकोले शिक्षातर्फ ध्यान नजानुलाई स्वभाविक रुपमा लिन सकिन्छ । जातिय छुवाछुतले धेरै पहिले देखि जरो गाडेको यस क्षेत्रमा विद्यार्थीहरुले प्राथमिक तह पूरा नगर्नुको एउटा कारण जातीय विभेदलाई मान्न सकिन्छ । दार्चुला जिल्लाको प्राथमिक

तहमा छात्रा भर्नादर ९५.५ प्रतिशत र छात्र भर्नादर ९८.८ प्रतिशत रहेको छ । यी मध्ये प्राथमिक तहमा विद्यालय छोड्ने दर ५.७ प्रतिशत छ जसमा केटीहरुको दर ४ प्रतिशत र केटाहरुको ७.३ प्रतिशत रहेको छ (शिक्षा विभाग, २०६७) ।

यो तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने विविध कारणहरुले गर्दा धेरै बालबालिकाहरुले विद्यालयको शिक्षालाई निरन्तरता दिन सकिरहेका छैनन् । यस्ता कारणहरुमा विद्यार्थीहरुको पारिवारिक, सामाजिक र आर्थिक समस्याहरुलाई प्रभाव कारणहरुको रुपमा लिन सकिन्छ । यस्ता विद्यालय छोड्ने बालबालिकाहरुलाई पुनः विद्यालयमा प्रवेश गराउन र विद्यालयमा निरन्तर रुपमा विद्यार्थीहरुलाई टिकाउनका लागि अवलम्बन गर्नुपर्ने कार्यक्रमहरुलाई आजको शिक्षा क्षेत्रको चुनैतिको रुपमा लिइएको छ ।

## १.२ समस्याको कथन

विकासको मेरुदण्ड भनेको शिक्षा हो तर शिक्षालाई हरेक व्यक्तिको पारिवारिक, सामाजिक र आर्थिक अवस्थाले प्रत्यक्ष-अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ । हाम्रो जस्तो विकासोन्मुख राष्ट्रमा परिवारको आर्थिक, सामाजिक र पारिवारिक कारणले गर्दा बालबालिकाहरु प्राथमिक तहमा विद्यालय छोड्ने तथा कतिपय बालबालिकाहरु विद्यालय भर्नासमेत नहुने परम्परा हावी हुँदै गइरहेको स्थितिमा प्राथमिक तहमा विद्यालय छोड्ने बालबालिकाहरुका लागि नेपाल सरकार तथा विभिन्न निकायले प्राथमिक शिक्षामा पहुँच बृद्धि गर्न विभिन्न समयमा विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरेको भए तापनि यो समस्या यथावत रहेको छ । प्राथमिक विद्यालय उमेर समूहका सबै बालबालिकाहरु विद्यालय जान सकेका छैनन् भने गएका पनि कक्षा वा तह पूरा गर्न नसकि बीचैमा विद्यालय छोड्न बाध्य छन् ।

नेपालको सन्दर्भमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको वर्तमानको अवस्था निम्न तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका नं. १**

**नेपालमा प्राथमिक तहमा विद्यालय छोड्ने र दोहोऱ्याउने दर**

| कक्षा | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा १-५ |
|---|---|---|---|---|---|---|
| कक्षोन्नती दर | ७३.५० | ८५.०० | ८६.३० | ८७.५० | ८५.८ | ७९.१ |
| दोहोऱ्याउने दर | २६.५ | १०.६ | ९.१ | ८.६ | ८.७ | १४.४ |
| विद्यालय छोड्ने दर | ९.९ | ४.४ | ४.६ | ३.९ | ७.४ | ६.७ |

स्रोतः DOE, 2009-10

तालिकालाई नियाल्दा सबैभन्दा बढी बिचैमा विद्यालय छोड्ने दर कक्षा १ मा ९.९ प्रतिशत रहेको छ भने अन्य कक्षाहरुमा कक्षा १ मा भन्दा कम प्रतिशत रहेको देखिन्छ ।

विद्यार्थीहरुको पारिवारिक, सामाजिक र आर्थिक कारणहरुले गर्दा यो समस्या देखिएको छ । जुन वर्तमान नेपालको यथार्थता हो ।

बीचैमा विद्यालय छोड्ने समस्या रहिरहनुले सर्वसुलभ तथा अनिवार्य प्राथमिक शिक्षा नारामा मात्र सीमित रहने भएको छ । यसरी कलिलो उमेरमा प्रतिभावान बालबालिकाले विद्यालयको पहुँचबाट बाहिरिनु पर्दा उनीहरुको गरिबी र अशिक्षाको परिणाम स्वरुप कुनै वर्ग समुदायले गलत ढंगले उपयोग गरी आफ्नो स्वार्थमा निर्दोष बालबालिका प्रयोग गर्न सक्दछन् । यसले गर्दा भोलिका दिनमा शिक्षाको ज्योति बाँड्ने बालबालिका विभिन्न हिंसात्मक कार्यमा सरिक हुन बालविवाह गर्न बाध्य हुने, विदेशिनु पर्ने तथा जीवनभर शारीरिक श्रम लिन, कष्टपूर्ण जीवन जीउन बाध्य हुन्छन् जुन समस्या व्यक्ति, समाज र राष्ट्रका लागि घातक हुन सक्छ ।

प्राथमिक तहमा सरकारले वर्षेनी ठूलो मात्रामा लगानी गर्ने गरेको छ । शैक्षिक बजेटको ५५ प्रतिशत बजेट प्राथमिक तहमा नै खर्च हुने भएता पनि विद्यार्थीको उपलब्धि स्तरमा भने खासै परिवर्तन हुन सकेको देखिँदैन (भट्टराई, २०६६) । नत यसले विद्यालय छोड्ने उच्च दरमा कमी ल्याउन नै सकेको छ । यस अध्ययनले "प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको पारिवारिक, सामाजिक र आर्थिक पृष्ठभूमि" शीर्षकलाई नै मुख्य समस्याको रुपमा लिएको छ ।

राष्ट्रिय स्तरको तथ्याङ्कलाई नै आधार मान्ने हो भने प्राथमिक तहमा भर्ना भएका विद्यार्थीहरु मध्ये ६.५ प्रतिशत ले तह नै पूरा नगरी विद्यालय छोड्दछन् (शिक्षा विभाग,२०६७) । यस मध्ये छात्राहरुको संख्या अझ चिन्ताजनक छ । दार्चुला जिल्लाको वास्तविकता अध्ययन गर्ने हो भने यहाँ पनि भर्ना भएका सबै विद्यार्थीहरुले आफ्नो पढाइलाई निरन्तरता दिन सकिरहेका छैनन् । यसरी विद्यालय पूरा नगरी बीचैमा विद्यालय छोड्नुमा पारिवारिक, सामाजिक र आर्थिक पक्षको प्रभाव बढी देखिन्छ । त्यसकारण यस अध्ययनले विद्यार्थीहरुको पारिवारिक, सामाजिक र आर्थिक पक्षले उनीहरुको शिक्षामा पारेको प्रभावको खोजी गर्ने प्रयत्न गरेको छ ।

## १.३ अनुसन्धान प्रश्नहरु

यस शोध अध्ययनलाई पूर्णता दिन निम्न प्रकारका प्रश्नहरुमा केन्द्रित रही यो अध्ययन अगाडि बढाइएको थियो :

(क) प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको आर्थिक अवस्था कस्तो छ ?

(ख) प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको सामाजिक स्थिति कस्तो छ ?

(ग) प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको पारिवारिक पृष्ठभूमि कस्तो छ ?

(घ) विद्यालय छोडेका बालबालिकाहरु के कस्ता कार्यहरुमा संलग्न छन् ?

(ङ) अभिभावकको आफ्ना बालबालिकाहरुको शिक्षा प्रतिको धारणा कस्तो छ ?

(च) प्राथमिक तहमा विद्यालय छोड्ने दर न्यून गर्न के कस्ता उपाय अवलम्बन गर्न सकिन्छ ?

(छ) प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुलाई शिक्षाको पहुँच भित्र पुनः ल्याउन कस्ता कार्यक्रमहरु संचालन गर्नुपर्दछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको साधारण उद्देश्य प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको पारिवारिक, सामाजिक र आर्थिक पृष्ठभूमिको खोजी गर्नु रहेको थियो भने विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए :

(क) विद्यालय छोडेको विवरण पत्ता लगाउनु ।

(ख) प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको पारिवारिक, सामाजिक र आर्थिक पृष्ठभूमि पत्ता लगाउनु ।

(ग) बालबालिकाहरुको विद्यालय छोड्नुका कारणहरु अन्वेषण गर्नु ।

(घ) विद्यालय छोड्नुका कारणहरु पत्ता लगाई सुधारका लागि आवश्यक उपायहरु खोजी गर्नु ।

## १.५ अध्ययनको महत्व

प्राथमिक तह औपचारिक शिक्षा प्राप्त गर्ने आधारभूत तह हो । प्राथमिक उमेर समूहका बालबालिकाले शिक्षा प्राप्त गर्ने अवसरबाट बञ्चित हुनुपर्ने अवस्था अझै विद्यमान रहेको छ । नेपाल सरकार तथा विभिन्न निकायले प्राथमिक शिक्षामा पहुँच बृद्धि गर्न विभिन्न किसिमका कार्यक्रमहरु कार्यान्वयन गरेको भएता पनि यो समस्या यथावत रहेको छ । प्राथमिक विद्यालय उमेर समूहका सबै बालबालिकाहरु विद्यालय जान सकेका छैनन् भने गएका पनि कक्षा वा तह पूरा गर्न नसकि बीचैमा विद्यालय छोड्न बाध्य छन् ।

प्राथमिक तहको कक्षा १ मा भर्ना हुने जम्मा विद्यार्थीहरु मध्ये कतिपयले प्राथमिक तह पूरा गर्न सक्छन् र केहीले पूरा गर्न सक्दैनन् । तहमा विद्यालय छोड्नुले ती बालबालिकामा कस्ता-कस्ता समस्या आएका छन् । उक्त कुराको खोजी गर्न यस अध्ययनले महत्वपूर्ण योगदान गर्ने छ । बालबालिकाको पारिवारिक, सामाजिक र आर्थिक पृष्ठभूमिको खोजी गर्नु नै यस अध्ययनको उद्देश्य हो । यसका साथसाथै विद्यार्थी, शिक्षक, अभिभावकहरुलाई प्राथमिक तहमा बालबालिकाले बीचैमा विद्यालय छोड्ने स्थिति र कारणका बारेमा जानकारी दिँदै शिक्षाविद्, योजनाकार तथा प्रशासकहरुलाई यस क्षेत्रमा तार्किक निर्णय लिन यो अध्ययन उपयोगी हुने छ । यसका साथै विभिन्न सरकारी तथा गैर सरकारी निकायलाई भरपर्दो सूचना प्रदान गरी

भविष्यमा यसतर्फ उचित कदम चाल्ने कार्यमा सहयोग पुऱ्याउन पनि यो अध्ययनले महत्वपूर्ण योगदान गर्ने छ । यसका अतिरिक्त यस अध्ययनले विद्यालय, जिल्ला शिक्षा कार्यालय, शिक्षा विभागलाई समेत योगदान पुऱ्याउने छ ।

## १.६ अध्ययनका सीमाहरु

कुनै पनि अध्ययनको सीमा हुने हुनाले यस अध्ययनलाई निम्न परिधिभित्र सीमित गरिएको थियो :

(क) यो अध्ययन दार्चुला जिल्लाको दत्तु गा.वि.स.मा मात्र सीमित रहेको थियो ।

(ख) यो अध्ययनलाई दत्तु गा.वि.स.का ७ ओटा सार्वजनिक विद्यालयमध्ये २ वटा विद्यालयका प्राथमिक तहको २०६६ र २०६७ सालमा विद्यालय छोडेका बालबालिकामा मात्र सीमित गरिएको थियो ।

(ग) यो अध्ययनमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिका, विद्यालयमा अध्ययनरत विद्यार्थी, अभिभावक, प्रधानाध्यापक र शिक्षकलाई मात्र उत्तरदाताको रुपमा लिइएको थियो ।

(घ) यस अध्ययनमा तथ्याङ्क संकलन गर्न अन्तर्वार्ता सूची र दस्तावेज अध्ययन जस्ता तथ्याङ्क संकलनका साधनहरुलाई मात्र प्रयोग गरिएको थियो ।

## १.७ शब्दहरुको परिभाषा

**एकल परिवार :** एकल परिवार भन्नाले बुबा, आमा र तिनका अविवाहित छोराछोरी भएको परिवारलाई बुझिन्छ ।

**संयुक्त परिवार :** संयुक्त परिवार भन्नाले बुबाआमा, छोराछोरी, काकाकाकी, तिनका छोराछोरी एकै ठाउँ बसेको परिवारलाई बुझिन्छ ।

**अभिभावक :** प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाकाको रेखदेख गर्ने परिवारको प्रमुख व्यक्तिलाई अभिभावकका रुपमा बुझिन्छ ।

**बीचैमा विद्यालय छोड्ने बालबालिका :** यस अध्ययनमा जुन बालबालिकाले प्राथमिक तहको कक्षा १ मा भर्ना भई कक्षा ५ सम्मको पढाइ पूरा नगरी पढाइ छोडेका छन् ती बालबालिकालाई बीचैमा विद्यालय छोड्ने बालबालिका भनिन्छ ।

## परिच्छेद दुई

# पूर्व साहित्यको अध्ययन

### २.१ अध्ययनहरुको पुनरावलोकन

Hobison and Myers (1957) द्वारा युगाण्डामा गरिएको अध्ययन अनुसार प्राथमिक विद्यालयमा पहिलो वर्ष भर्ना भएका विद्यार्थीहरु ८०,००० थिए ती मध्ये मात्र २५,००० विद्यार्थीहरु कक्षा ६ मा जान सफल भए । यो अवस्था अल्पविकसित देशकै प्रतिनिधित्व बनेको छ । यस्तो हुनाको कारण तालिम प्राप्त शिक्षक नहुनु, शिक्षण हुने अवस्था उपयुक्त नहुनु विद्यार्थीको समय, शक्ति र लगानीमा घर परिवारले निगरानी राख्न नसक्नु भनी उल्लेख गरिएको छ ।

Singh (1973) ले नेपालमा "शैक्षिक पलायन" सम्बन्धी तीनवटा जिल्लाहरु, काठमाडौं, भक्तपुर र काभ्रेमा गरेको सर्वेक्षण अनुसार आठवटा कारक तत्वहरु बीचैमा विद्यालय छोड्ने कारणका रुपमा उल्लेख गरेको छ । जसमा परीक्षामा असफलता, विद्यालय परिवर्तन, पाठ्यपुस्तक किन्न नसक्नु, विद्यालयको शुल्क तिर्न नसक्नु, घरको काम, विद्यालय घरदेखि टाढा हुनु जस्ता कारणहरु थिए । उक्त प्रतिवेदनमा बीचैमा विद्यालय छोड्ने मुख्य कारण गरिबी उल्लेख गरिएको छ । जहाँ ६९.२ प्रतिशत बालबालिका नियमित विद्यालय जान नसक्ने अवस्थामा रहेको देखाएको छ ।

CERID (1983) ले नेपालको प्राथमिक तहमा गरेको अध्ययन अनुसार हिमाली क्षेत्रमा ६८.८ प्रतिशत, पहाडी क्षेत्रमा ५७.८ प्रतिशत र तराई क्षेत्रमा ५९.८ प्रतिशत बालबालिकाहरु प्राथमिक तहमा बीचैमा विद्यालय छोड्न बाध्य छन् । यसका प्रमुख कारणहरुमा बालबालिकाको खराब स्वास्थ्य, घरको काममा बालबालिकाको प्रयोग, विद्यालयमा उपयुक्त शिक्षण पद्धति लागू नहुनु तथा विद्यालयको दुरी घरदेखि टाढा हुनु उल्लेख गरिएको छ । सोही अध्ययनले छात्र भन्दा छात्राको प्राथमिक तहमा विद्यालय छोड्ने दर बढी हुने कुरा देखाएको छ । यसको कारण छात्राहरु घरको काममा बढी सरीक हुने हुँदा विद्यालयमा कम समय मात्र सहभागी हुन पाउने, भाइ बहिनीहरुको हेरचाह गर्नुपर्ने तथा परिवारबाट पढ्नका लागि कमै मात्रामा प्रेरणा पाउने, छोरीलाई पढाउनु पर्दैन भन्ने मान्यता अभिभावकमा विद्यमान रहनु तथा सरकारले पनि छात्राहरुका लागि भरपुर सुविधा उपलब्ध गर्न नसक्नु उल्लेख गरिएको छ ।

CERID (1987) ले नेपालका तीन जिल्ला बर्दिया, नुवाकोट र ताप्लेजुङ्गमा गरेको अध्ययन अनुसार बीचैमा विद्यालय छोड्ने बालबालिकाका अभिभावकहरु ६६ प्रतिशत असाक्षर रहेका छन् । चेतनाको कमी भएका र आर्थिक दवावको चपेटामा परेका अभिभावकहरुका

छोरोरीहरुले नै सबैभन्दा बढीमा आर्थिक अवस्था दयनीय रहेको असाक्षर परिवार कृषि पेशामा संलग्न कृषक तथा श्रमिकहरु र ठूलो पारिवारिक परिस्थिति नै बालबालिकाले तहमा विद्यालय छोड्ने कारणको रुपमा उल्लेख गरेको छ ।

बस्नेत (१९८७) ले थारु केटाकेटीले प्राथमिक तहमा बीचैमा विद्यालय छोड्नुपर्ने कारणहरु खोतल्दै परिवारको अपहेलना, सचेतनाको कमी, दयनीय आर्थिक अवस्था, विद्यालय घरदेखि टाढा हुनु र परम्परावादी सोच जस्तैः छोरीले पढ्नु नपर्ने, अर्काको घर जाने जात जस्ता कुराहरुलाई मुख्य कारणको रुपमा उल्लेख गरेका छन् ।

शिक्षा मन्त्रालय (१९९३) द्वारा गरिएको अध्ययन अनुसार नेपालमा तहमा बीचैमा विद्यालय छोड्ने स्थिति भयावह छ । झण्डै आधाजति बालबालिका कक्षा १ मा भर्ना भई कक्षा ५ मा पुग्नु अगावै विद्यालय छोड्छन् । यति बेला उनीहरुलाई साधारण संख्याको ज्ञान समेत प्राप्त भएको हुँदैन । जति पढ्छन् ती पनि फेल भएर कक्षा दोहोऱ्याइ तेहऱ्याई रहेका अवस्थामा छन् । यसको मुख्य कारण गरिबी नै हो । गरिबीका कारण अभिभावकले विभिन्न बहानामा घरको काममा लगाउने तथा पेशा व्यवसायमा सामेल गराउने गर्दछन् । अभिभावकहरु भन्ने गर्दछन् पहिलो आवश्यकता गास, बास र कपास हो । हामी यसैका लागि संघर्ष गर्दछौं । त्यसकारण एउटा व्यक्ति प्राथमिक आवश्यकता पूरा गर्न संघर्ष गर्दागर्दै दीर्घकालीन रुपमा प्राप्त हुने शिक्षाको उपलब्धी गौण हुनेछ ।

अर्याल (२००६) द्वारा अध्ययन गरिएको "भक्तपुर जिल्लाको शहरी र ग्रामीण सामुदायिक प्राथमिक विद्यालयहरुमा छात्राहरुको कक्षा छोड्ने दर तथा यसका कारणहरु" मा उल्लेख गरे अनुसार २०६० सालमा प्राथमिक तहमा बीचैमा विद्यालय छोड्ने प्रतिशत ५.६ थियो भने २०६१ मा सोही प्रतिशत १२.४ प्रतिशत पुगेको थियो । सोही अध्ययनले शहरी क्षेत्रमा २०६७ सालमा ६.४ प्रतिशत तथा २०६१ मा १६.४ प्रतिशत बीचैमा विद्यालय छोड्ने दर देखाएको छ भने ग्रामीण क्षेत्रमा २०६० सालमा ४.८ प्रतिशत र २०६१ मा १.९५ प्रतिशत देखाएको छ । उक्त अध्ययलने प्राथमिक तहमा छात्राहरुले विद्यालय छोड्नुपर्ने कारणहरुमा अभिभावकहरुको बसाईसराईका कारण ८३.३ प्रतिशत, शिक्षाप्रति सचेतनाको कारण ५२.३ प्रतिशत, कमजोर शैक्षिक उपलब्धिका कारण ४२.८ प्रतिशत तथा स्वास्थ्य सम्बन्धी कारणबाट १९ प्रतिशत छन् भनी उल्लेख गरेको छ ।

राष्ट्रिय योजना आयोग (२०६४-२०६७) ले उल्लेख गरे अनुसार प्राथमिक तहमा खुद भर्नादर ८७.४ पुगेको छ । प्राथमिक विद्यालयमा छात्रभन्दा छात्राको सहभागिता बढेको छ । जुन योजनाको शुरुमा रहेको ४६ प्रतिशतबाट बढेर ४२ प्रतिशत पुगेको छ । विद्यालय जाने उमेरका

बालबालिका मध्ये आदिवासी जनजातिको करिब ३८ प्रतिशत, दलितको १८ प्रतिशत र अपाङ्गको १ प्रतिशत रहेको देखिन्छ

उक्त योजनामा उल्लेख भए बमोजिम प्राथमिक शिक्षाको विकासमा प्रगति देखिएता पनि अझै करिब १३ प्रतिशत बालबालिकाहरु प्राथमिक शिक्षाबाट बञ्चित रहेको देखिन्छ । त्यसमध्ये खासगरी गरिब, दलित, मधेसी र जनजाति बालबालिकाहरु प्राथमिक शिक्षाबाट बञ्चित रहेको देखिन्छ । कक्षा दोहोऱ्याउने दर र बीचैमा कक्षा छोड्ने दर बढी छ भने उत्तीर्ण हुने दर पनि सन्तोषजनक छैन । त्यसैले गर्दा बालबालिकाहरु प्राथमिक तहमा विद्यालय छोड्न बाध्य छन् ।

## २.२ सैद्धान्तिक ढाँचा

सबैका लागि शिक्षा भन्ने नारालाई साकार पार्न हाम्रो जस्तो विकासोन्मुख राष्ट्रको सन्दर्भमा हेर्ने हो भने देशका अधिकांश जनताहरु गरिबीको चपेटामा परेका छन्, जसको प्रत्यक्ष असर शिक्षामा पनि पर्न गएको छ । गरिवी कै कारणले गर्दा धेरै परिवारहरु आफ्ना छोराछोरीलाई घरको काममा व्यस्त बनाउन बाध्य छन् । जसले गर्दा शिक्षा लिने उमेर भएका बालबालिकाहरु विद्यालयमा भर्ना भए पनि आफ्नो शिक्षालाई निरन्तरता दिन पाइरहेका हुँदैनन् ।

प्रसिद्ध समाजशास्त्री तथा शिक्षाविद् कार्लमाक्सले बालबालिकाको आर्थिक अवस्था नै शिक्षा प्राप्त गर्ने आधार रहेको मान्दछन् । उनका अनुसार समाजमा दैनिक जीवन सञ्चालन गर्नको लागि अर्थ एक महत्वपूर्ण पक्ष हो । जसको अभावमा दैनिक कार्य सूचारु रुपमा सञ्चालन हुन सक्दैन । उनको विचारमा समाजमा दुई वर्ग हुन्छ । वर्गकै आधारमा असमानता हुन्छ (शर्मा, २०६४) । तर हाम्रो देशमा मानिसहरुले आर्थिक विपन्नताले गर्दा आफ्ना बालबालिकाहरुलाई पूर्ण रुपमा विद्यालयमा टिकाउन सकिरहेका छैनन् । यसमा विद्यालय लगायत सामाजिक एवं आर्थिक पक्षको ठूलो भूमिका रहेको छ । सरकारले शिक्षामा गरेको व्यापक लगानीले समेत यो समस्यालाई सम्बोधन गर्न सकिरहेको छैन । परिवारको आर्थिक कारणले उनीहरुले आफ्ना बालबालिकाहरुका लागि आवश्यक पर्ने विद्यालयका कुराहरु पूर्ति गर्न सकिरहेका छैनन् भने अर्कोतिर समाजमा भएको शासक वर्गले तल्लो वर्गका मानिसका छोराछोरीलाई काममा लगाउन चाहान्छन् र उनीहरु आफ्नो रोजीरोटीको व्यवस्था गर्नको लागि भए पनि विद्यालय जान छोडेर अर्थोपार्जन गर्नका लागि काम गर्न बाध्य हुन्छन् । त्यसैले जबसम्म समाजका मानिसहरु आर्थिक रुपमा आत्मनिर्भर हुँदैनन तब सम्म यो समस्या जटिल रुपमा रहने देखिन्छ । फलस्वरुप सरकारले २०१५ सम्ममा बनाएको “सबैको लागि शिक्षा”

कार्यक्रमको लक्ष्य पूरा नहुने देखिन्छ । त्यसैले प्राथमिक तहका बालबालिकाहरुको पारिवारिक, आर्थिक र सामजिक स्थिति मजबुत पारे मात्र विद्यालय छोड्ने दरमा कमी ल्याउन सकिन्छ ।

समाजशास्त्री म्याक्स वेवर (Max Weber) का विचारमा समाजका व्यक्तिहरुका बीचमा सम्पत्ति, शक्ति र मानसम्मान तथा इज्जतका लागि तानातान भइरहेको हुन्छ । यिनीहरुको प्राप्तिको परिणामले समाजमा विभेदीकरण स्पष्ट रुपमा हुने गर्दछ (शर्मा, २०६४) । त्यसैले Max Weber का सिद्धान्तकै आधारमा जबसम्म बालबालिकाहरुका अभिभावकको पारिवारिक, सामाजिक र आर्थिक पृष्ठभूमि उच्चस्तरको हुँदैन तबसम्म प्राथमिक तहमा बिचैमा विद्यालय छोड्ने दर उच्च हुन्छ । वर्तमानमा के देखिएको छ भने जुन बालबालिकाको पारिवारिक स्थिति, सम्पत्ति, शक्ति र मानसम्मान हुन्छ भने उसले विद्यालय छोड्न नपरेको देखिन्छ । समाजमा जुन व्यक्तिहरुको आर्थिक स्थिति मजबुत रहेको छ । त्यस व्यक्तिको परिवारले विविभिन्न क्षेत्रमा अवसरहरु पाएको देखिन्छ र गरिब निमुखा व्यक्तिहरु अवसरबाट बन्चित छन् । त्यसैकारण प्राथमिक तहमा विद्यालय छोड्ने दर बृद्धि हुनुमा हाम्रो समाजको आर्थिक असमानता हो भनेर भन्न सकिन्छ । यसप्रकार समाजमा रहेको विद्यमान सामाजिक संरचना, धनी वर्ग, गरीब वर्गको दृष्टिकोण समाजमा उनीहरुले पाएको आत्मसम्मान आत्मनिर्णयको अधिकार, विद्यालयको वातावरण, शिक्षकहरुको विद्यार्थीहरु प्रतिको दृष्टिकोण, विद्यालयमा उपलब्ध भौतिक सुविधाहरु र समाहित शैक्षिक वातावरण जस्ता पक्षहरुले शिक्षामा असर देखाइरहेको पाइन्छ । शिक्षकहरुबाट पाउने व्यवहार, उनीहरुको साथी संगीबाट प्राप्त हुने मान सम्मान जस्ता पक्षहरुले प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरु विद्यालय छोड्न बाध्य हुन्छन् ।

## २.३ अवधारणात्मक ढाँचा

प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको पहिचान गर्ने अवधारणात्मक ढाँचा निम्न अनुसार रहेको छ ।

प्राथमिक तहमा विद्यालय छोड्नुका कारणहरु

**व्यक्तिगत कारण**

- उमेर
- परीक्षामा असफलता
- बिरामी भएर
- दुर्घटनामा परेर
- साथीसँग झगडा परेर
- शारीरिक अपाङ्गता

**पारिवारिक कारण**

- परिवारको आकार
- अभिभावकको पृष्ठभूमि
- शिक्षा प्रतिको दृष्टिकोण
- आमाबाबुको लैङ्गिक दृष्टिकोण
- सामाजिक अवस्था (धर्म, जात, राजनीति, सास्कृतिक मूल्य मान्यता, भाषा)
- आर्थिक अवस्था ( परिवारको आम्दानी, जग्गा, पेशा, व्यवसाय, रोजगारी, लिङ्ग)

**विद्यालयका कारण**

- पर्याप्त शैक्षिक सामग्रीको अभाव
- भौतिक सामग्री अपर्याप्तता
- विद्यालय टाढा भएर
- विद्यालयका शिक्षक कर्मचारी तथा प्रशासनको विद्यार्थी प्रतिको दृष्टिकोण
- विद्यालयको सांस्कृतिक वातावरण

बालबालिकाहरुको प्राथमिक शिक्षामा विभिन्न तत्वहरुले प्रभाव पारेको देखिन्छ । व्यक्तिगत कारणमा उमेर, परीक्षामा असफलता, बिरामी भएर, दुर्घटनामा परेर, साथीसँग झगडा परेर, शारीरिक अपाङ्गता, आदि पर्दछन् । पारिवारिक कारणहरुमा परिवारको आकार, शिक्षा, आमाबाबुको लैङ्गिक दृष्टिकोण, शिक्षाप्रतिको दृष्टिकोणहरु रहेका हुन्छन् । सामाजिक र आर्थिक कारणहरुमा धर्म, जात, राजनीतिक, सांस्कृतिक मूल्यमान्यता, भाषा, परिवारको आम्दानी, जग्गा, पेशा, व्यवसाय, रोजगारी, लिङ्ग आदि रहेका छन् भने त्यसैगरी विद्यालयका कारणहरुमा पर्याप्त शैक्षिक सामग्रकिो अभाव, भौतिक सामग्रीको अपर्याप्तता, विद्यालय टाढा भएर, विद्यालयका शिक्षक, कर्मचारी तथा प्रशासनको विद्यार्थी प्रतिको दृष्टिकोण, विद्यालयको साँस्कृतिक वातावरण, आदि पर्दछन् ।

## परिच्छेद तीन

# अध्ययन विधि

अध्ययन अनुसन्धानबाट अपेक्षित उद्देश्य पूरा गर्न विधि तथा प्रक्रियाहरुको अवलम्बन गर्नुपर्दछ । पूर्व निर्धारित अध्ययन प्रक्रिया अवलम्बन गरिएन भने सही निष्कर्ष निकाल्न कठिन हुन्छ, त्यसैले अनुसन्धान विधि पूर्व निर्धारित हुनु पर्दछ । यही प्रयोजनको लागि अध्ययनमा परिमाणात्मक तथा गुणात्मक दुवै विधिको प्रयोग गरिएको थियो :

### ३.१ अनुसन्धानको ढाँचा

यो अध्ययन मिश्रित (परिमाणात्मक र गुणात्मक) विधिमा आधरित भएको यस अध्ययनमा प्राथमिक तहमा विद्यालय छाड्ने विद्यार्थीको पारिवारिक, सामाजिक र आर्थिक पृष्ठभूमि पहिचान गर्ने कार्यलाई मुख्य उद्देश्यका रुपमा लिई निम्नलिखित अवलम्बन ढाँचाबाट प्राप्त सूचनाहरुलाई विश्लेषण र व्याख्या गरिएको थियो ।

| क.सं. | उद्देश्य | सूचनाको स्रोत | सामग्री |
|---|---|---|---|
| (क) | विद्यालय छोडेको विवरण पत्ता लगाउनु | विद्यालय | दस्तावेज |
| (ख) | प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको पारिवारिक, सामाजिक र आर्थिक पृष्ठभूमि पत्ता लगाउनु । | अभिभावक, प्रधानाध्यापक, शिक्षक | अन्तर्वार्ता प्रश्नावली, दस्तावेज |
| (ग) | बालबालिकाहरुले विद्यालय छोड्नुको कारणहरु अन्वेषण गर्नु । | अभिभावक, शिक्षक, विद्यार्थी | अन्तर्वार्ता प्रश्नावली |
| (घ) | विद्यालय छोड्नुका कारणहरु पत्ता लगाई सुधारका लागि आवश्यक उपायहरु खोजी गर्नु । | अभिभावक, विद्यार्थी शिक्षक | अन्तर्वार्ता प्रश्नावली, दस्तावेज |

### ३.२ जनसंख्या निर्धारण

यो अध्ययनको जनसंख्या नेपालका सम्पूर्ण प्राथमिक विद्यालयहरु, यी विद्यालयमा अध्ययनरत विद्यार्थी, प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरु, प्र.अ., शिक्षक, अभिभावकहरु  रहेका थिए ।

### ३.३ नमुना छनौट

यस अध्ययन कार्यका लागि निम्न अनुसार नमुना छनौट गरिएको थियो :

### ३.३.१ जिल्लाको छनौट

यस अध्ययनको लागि अनुसन्धानकर्ताको स्रोत, साधन, खर्च तथा उपलब्ध समयलाई मध्यनजर गरी सुविधाजनक नमुना छनौट विधिद्वारा दार्चुला जिल्लालाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको थियो ।

### ३.३.२ विद्यालयको छनौट

दत्तु गा.वि.स. अन्तर्गत रहेका ७ वटा विद्यालय मध्येबाट २ वटा सामुदायिक प्राथमिक विद्यालयहरुलाई उद्देश्यात्मक नमुना छनोट विधिको प्रयोग गरी विद्यालय छनोट गरिएको थियो । यस अध्ययनको क्रममा जुन विद्यालयबाट बढी संख्यामा बालबालिकाले विचैमा विद्यालय छोडेका छन् सोही विद्यालयलाई नमुनाको रुपमा लिइएको थियो ।

### ३.३.३ प्रधानाध्यापक तथा शिक्षकहरुको छनौट

यस अध्ययनका लागि नमुना छनौटमा परेका २ वटा सामुदायिक प्राथमिक विद्यालयमा कार्यरत २ जना प्र.अ. र अन्य सबै शिक्षकहरुलाई प्रतिक्रियादाताको रुपमा छनोट गरिएको थियो ।

### ३.३.४ बालबालिकाहरुको छनौट

यस अध्ययनका लागि नमुना छनौटमा परेका २ वटा विद्यालयको दस्तावेज अध्ययन गरी प्राथमिक तहमा २०६६ र २०६७ सालमा विद्यालय छोडेका विद्यार्थीहरुलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोट गरिएको थियो ।

### ३.३.५ अभिभावकको छनौट

नमुना छनौटमा परेका विद्यार्थीका अभिावकहरुलाई स्वतः नमुनाका रुपमा छनौट गरिएको थियो र तिनीहरुबाट बालबालिकाहरुको विद्यालय छोड्ने कारण र वर्तमानको अवस्थाको बारेमा जानकारी लिइएको थियो ।

## ३.४ सूचना संकलनका साधनहरु

यस अध्ययनका लागि आवश्यक सूचना संकलन गर्न निम्न साधनहरुको निर्माण गरी सूचना संकलन गरिएको थियो :

### ३.४.१ अन्तर्वार्ता प्रश्नावली

यस अध्ययनका क्रममा छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक र बालबालिकाहरु मार्फत अन्तर्वार्ता सूचीको प्रयोग गरी प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको पारिवारिक, सामाजिक र आर्थिक अवस्था तथा प्राथमिक तहमा विद्यालय छोड्नुको कारणहरुको बारेमा सूचना संकलन गरिएको थियो ।

### ३.४.२ दस्तावेज अध्ययन

यस अध्ययनको क्रममा छनौटमा परेका विद्यालयहरुको स्थलगत भ्रमण गरी विद्यालयले राखेको विद्यालय छोडेका विद्यार्थीहरुको अभिलेख, विद्यार्थीहरुले विद्यालय छोड्ने कारणहरुको सम्बन्धमा राखेको अभिलेख अध्ययन गरी आवश्यक सूचना संकलन गरिएको थियो ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

अनुसन्धानको उद्देश्य पूरा गर्नको निमित्त अनुसन्धानकर्ता आफै विद्यालयमा उपस्थित भई स्थलगत कार्य सम्पन्न गरी तथ्याङ्क संकलन गरिएको थियो । साथै यस शिर्षकसँग मिल्दाजुल्दा अनुसन्धानका निष्कर्षहरुलाई सहायक स्रोतका रुपमा लिइएको थियो ।

## ३.६ तथ्याङ्को विश्लेषण प्रक्रिया

यस अध्ययनमा अनुसन्धानकर्ताले अध्ययनको उद्देश्य प्राप्त गर्न संकलित सूचनाहरुलाई विभिन्न समूहमा वर्गीकरण गरिएको थियो । त्यसपछि मिल्दोजुल्दो प्रतिक्रियालाई एउटै समूहमा राखी गुणात्मक तथा परिमाणात्मक रुपमा व्याख्या विश्लेषण गरिएको थियो ।

## अध्याय चार

# तथ्याङ्क विश्लेषण र व्याख्या

प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको वर्तमान अवस्था पहिचान गर्नको निमित्त अध्याय एकमा उल्लेख गरिए अनुसारका चारवटा उद्देश्यहरु निर्धारण गरी दार्चुला जिल्लाको दत्तु गा.वि.स.मा रहेका दुईवटा माध्यमिक विद्यालयहरुलाई नमूना विद्यालयका रुपमा छनोट गरी अध्याय तीनमा उल्लेख गरीएका सूचना संकलनका साधनहरुको सहयोग मार्फत अनुसन्धानकर्ता स्वयं नमूना विद्यालयहरुमा उपस्थित भई आवश्यक सूचनाहरु संकलन गरिएको थियो । छनोट गरिएका विद्यालयहरुको स्थलगत अध्ययनबाट प्राप्त सूचनाहरुको स्वरुप र मात्रा हेरी आवश्यकता अनुसार व्याख्यात्मक रुपबाट उपयुक्त सूचनाहरुलाई यस अध्यायमा उल्लेख गरिएको छ ।

### ४.१. विद्यालय छोडेका बालबालिकाहरुको विवरण

यस अध्ययनमा विद्यालय छोडेका बालबालिकाहरुको विवरण थाहा पाउनका लागि उनीहरुको हाजिर रेकर्ड अध्ययन गरिएको थियो । यी दुईवटा माध्यमिक विद्यालयमा शैक्षिक सत्र २०६६ र २०६७ सालको बालबालिकाहरुले विद्यालय छोडेको विवरण क्रमशः तल उल्लेख गरिएको छ ।

#### ४.१.१. प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको विवरण

हाम्रो जस्तो विकासोन्मुख राष्ट्रको परिप्रेक्ष्यमा शैक्षिक क्षेत्रको चर्चा गर्ने हो भने कुनै पनि निश्चित तहमा विद्यालय छोड्ने बालबालिकाहरुको संख्या धेरै नै रहेको पाइन्छ । गरिवी, अशिक्षा, स्वास्थ्य, यातायात, बाटोघाटो, विद्यालयको दुरी, लैगिक विभेद आदि जस्ता पक्षहरुको कारणले बालबालिकाहरु निश्चित तहमा विद्यालय छोड्न बाध्य हुन्छन् । दार्चुला जिल्ला दत्तु गा.वि.स. मा अवस्थित दुईवटा सामुदायिक विद्यालयमा २०६६ र २०६७ सालमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको विवरणलाई छुट्टाछुट्टै रुपमा तल उल्लेख गरिएको छ । श्री गडिभवन मा.वि. र श्री राष्ट्रिय उच्च माध्यमिक विद्यालयमा २०६६ सालमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकहरुको विवरण तालिका नं ४.७. अनुसार रहेको छ ।

## तालिका नं ४.१

## २०६६ सालमा प्राथमिक तहमा विद्यालय छाडेका बालबालिकाहरुको विवरण

| | श्री गडिभवन मा.वि. | | | | | | | | श्री राष्टिय उ.मा.वि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | भर्ना भएका जम्मा विद्यार्थी | छात्र | छात्रा | विद्यालय छोड्ने जम्मा विद्यार्थी | छात्र | % | छात्रा | % | भर्ना भएका जम्मा विद्यार्थी | छात्र | छात्रा | विद्यालय छोड्ने जम्मा विद्यार्थी | छात्र | % | छात्रा | % |
| १ | ५३ | ३२ | २१ | १ | – | – | १ | ४.७६ | ४९ | ३० | १९ | 3 | १ | ३.३३ | २ | १०.५२ |
| २ | ४७ | २५ | २२ | २ | १ | ४.०० | १ | ४.५४ | ५१ | ३० | २१ | 2 | १ | ४.७६ | १ | ४.७६ |
| ३ | ४९ | ३० | १९ | ३ | १ | ३.३३ | २ | १०.५२ | ४७ | २६ | २१ | 1 | १ | ३.८४ | – | – |
| ४ | ५५ | २८ | २७ | २ | – | – | २ | ७.४० | ५७ | ३४ | २३ | 2 | – | – | २ | ८.६९ |
| ५ | ४२ | २५ | १७ | ३ | १ | ४ | २ | ११.७४ | ४३ | २५ | १८ | 2 | १ | ४.० | १ | ५.५५ |
| जम्मा | २४६ | १४० | १०६ | ११ | ३ | | ८ | ७.५४ | २४७ | १४५ | १०२ | 10 | ४ | २.७५ | ६ | ५.८८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका नं ४.१. अनुसार गडिभवन मा.वि.मा कक्षा एक मा जम्मा ५३ जना विद्यार्थीमा छात्रहरु ३२ जना मध्ये कसैले पनि विद्यालय नछोडेको पाइयो भने २१ जना छात्राहरुमध्ये १ जनाले विद्यालय छोडेको देखियो । कक्षा २ मा ४७ जना विद्यार्थीहरुमा छात्र र छात्रा दुवै बराबर संख्यामा विद्यालय छोडेने पाइयो । त्यस्तै गरी कक्षा ३ मा ४९ विद्यार्थी मध्ये छात्रहरु ३.३३ % ले विद्यालय छोडेको र यसको तीनगुणा भन्दा बढी (१०.५२ %) छात्राहरुले प्राथमिक तहमा विद्यालय छोडेको देखियो। कक्षा ४ मा ४४ जना विद्यार्थी रहेकोमा छात्राहरु (७.४%) रहेका थिए भने छात्रहरु कसैले पनि विद्यालय छोडेको पाइएन । कक्षा ५ मा ४२ जना विद्यार्थी मध्ये छात्र ४.०० % रहेको पाइयो भने छात्रको तिन गुणा (११.७४ %) छात्राहरु रहेको पाइयो ।

तालिका ४.१. अनुसार राष्ट्रिय उ.मा.वि.मा कक्षा १ मा जम्मा ४९ विद्यार्थी मध्ये छात्रहरु ३० जनामा ३.३३ % ले र यस तिनगुणा भन्दा बढी (१०.५२ %) छात्राहरुले विद्यालय छोडेको पाइयो । कक्षा २ मा जम्मा ५१ जना विद्यार्थीमा छात्र र छात्राले बराबर संख्यामा विद्यालय छोडेको पाइयो । कक्षा ३ मा छात्राहरु कसैले पनि विद्यालय नछोडेको र छात्र न्यून (३.८४ %) ले विद्यालय छोडेको देखियो । त्यसैगरी कक्षा ४ मा विद्यालय छोड्ने छात्रहरु कोही पनि नभएको र छात्राहरु (८.६९ %) ले विद्यालय छोडेको पाइयो भने कक्षा ५ मा छात्र र छात्राहरु बराबर संख्यामा विद्यालय छोडेको पाइयो ।

## तालिका नं ४.२

### २०६७ सालमा प्राथमिक तहमा विद्यालय छाडेका बालबालिकाहरुको विवरण

| | श्री गडिभवन मा.वि. | | | | | | | | श्री राष्टिय उ.मा.वि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | भर्ना भएका जम्मा विद्यार्थी | छात्र | छात्रा | विद्यालय छोड्ने जम्मा विद्यार्थी | छात्र | % | छात्रा | % | भर्ना भएका जम्मा विद्यार्थी | छात्र | छात्रा | विद्यालय छोड्ने जम्मा विद्यार्थी | छात्र | % | छात्रा | % |
| १ | ४९ | २९ | २० | – | – | – | – | – | ४२ | २६ | १६ | 1 | – | – | १ | ६.२५ |
| २ | ५२ | ३२ | २० | १ | १ | ३.१२ | – | – | ४६ | २९ | १७ | – | – | – | – | – |
| ३ | ४५ | २४ | २१ | २ | – | – | २ | ९.५२ | ४९ | २९ | २० | – | – | – | – | – |
| ४ | ४६ | २९ | १७ | २ | १ | ३.४४ | १ | ५.८८ | ४६ | २५ | २१ | 2 | १ | ४.० | १ | ४.७६ |
| ५ | ३९ | २४ | १५ | ४ | १ | ४.१६ | ३ | २० | ४४ | २७ | १७ | 2 | १ | ३.७ | १ | ५.८८ |
| जम्मा | २३१ | १३८ | ९३ | ९ | ३ | २.१७ | ६ | ६.४५ | २२७ | १३६ | ९१ | 5 | २ | १.४७ | ३ | ३.२९ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं ४.२. अनुसार गडिभवन मा.वि.मा कक्षा १ मा कसैले पनि विद्यालय नछोडेको देखियो भने कक्षा २ मा ३२ जना छात्र मध्ये ३.१२ % ले विद्यालय छोडेको पाइयो र छात्राहरुले यस कक्षामा कसैले विद्यालय छोडेको देखिएन । कक्षा ३ मा छात्राहरु २१ जना मध्ये ९.५२ % ले विद्यालय छोडेको र छात्रहरु कसैले पनि विद्यालय छोडेको देखिएन । कक्षा ४ मा छात्रको तुलनामा छात्राहरु दोव्वर (५.८८ %) ले विद्यालय छोडेको पाइयो । त्यसैगरी कक्षा ५ मा २४ जना छात्रहरु मध्ये न्यून (४.१६ %) ले विद्यालय छोडेको र छात्रहरुको ५ गुणा बढी (२० %) ले विद्यालय छोडेको पाइयो ।

तालिका नं ४.२. अनुसार राष्ट्रिय उ.मा.वि.मा कक्षा १ मा ४२ जना विद्यार्थीमा १६ जना छात्राहरु मध्ये ६.२ % ले विद्यालय छोडेको पाइयो भने कक्षा २, ३ मा कोही विद्यार्थीहरुले पनि विद्यालय छोडेको पाइएन । कक्षा ४ र ५ मा छात्र र छात्रा दुवै बराबर संख्यामा (१,१) विद्यालय छोडेको पाइयो ।

यसरी दुवै विद्यालयमा प्रत्येक कक्षामा छात्र भन्दा छात्राहरको संख्या कम रहेको पाइयो । यी दुई विद्यालयमा तुलना गर्दा श्री राष्ट्रिय उच्च मा.वि. दत्तुको तुलनामा श्री गडिभवन मा.वि.मा प्राथमिक तह पुरा नगरी विद्यालय छोड्ने विद्यार्थीहरुको संख्या बढी (५ जना) रहेका तथ्याङ्कबाट थाहा भयो । यी दुवै विद्यालयमा छात्रहरु भन्दा छात्राहरु कम हुनु यहाँको समाजमा छोरा र छोरी बिचमा भेदभाव रहेको बुझियो ।

यसरी दुईवटा तालिकाबाट आएको सूचनालाई अझ प्रष्ट रुपले बुझ्न सक्ने बनाउनका लागि यसलाई सालगत र कक्षागत रुपले तालिकावद्ध गरी देखाइएको छ ।

**तालिका नं ४.३**

**२०६६ र २०६७ सालमा कक्षा छोड्ने विद्यार्थी**

| साल | जम्मा संख्या | प्रतिशत | केटा | प्रतिशत | केटी | प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०६६ | २१ | ४.२५ | ७ | २.४५ | १४ | ६.७३ |
| २०६७ | १४ | ३.०५ | ५ | १.८२ | ९ | ४.८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका नं. ४.३ अनुसार २०६६ सालमा विद्यालयमा भर्ना भई विद्यालय छोडेका विद्यार्थीहरुको जम्मा संख्या ४.२५ प्रतिशत अर्थात २१ जना रहेको पाइयो भने सोही सालमा केटाको संख्या ७ र केटीको संखया १४ रहेको पाइयो । जसमा केटाहरुले २.४५ प्रतिशत विद्यालय छोडेको पाइयो भने केटीहरुले ६.७३ प्रतिशत रहेको पाइयो । तयस्तै २०६७ सालमा भर्ना भई छोडेका विद्यार्थीहरुको कूल संख्या १४ अर्थात (३.०५ प्रतिशत रहेको पाइयो । जसमा केटाहरु ५ जना र केटीहरु ९ जना । क्रमशः १.८२ प्रतिशत र ४.८ प्रतिशतले विद्यालय छोडेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने उक्त विद्यालयहरुमा विद्यालय छाड्ने बालबालिकाहरुको संख्या हेर्दा केटाको भन्दा केटीको दुबै सालमा बढी रहेको पाइयो तर माथिको तालिकाले के पनि स्पष्ट गरेको छ भने  २०६६ सालको भन्दा २०६७ सालमा केटाको भन्दा केटीहरुको प्रतिशत घटेको पाइयो ।

**तालिका नं ४.४**

**कक्षागत अवस्था अनुसार २०६६ सालमा कक्षा छोड्ने विद्यार्थीहरु**

| कक्षा | जम्मा संख्या | प्रतिशत | केटा | प्रतिशत | केटी | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ४ | ३.९ | १ | १.६१ | ३ | ७.५ |
| २ | ४ | ४.०८ | २ | ३.६३ | २. | ४.६५ |
| ३ | ४ | ४.१७ | २ | ३.५७ | २ | ५ |
| ४ | ४ | ३.५७ | ० | ० | ४ | ८ |
| ५ | ५ | ५.८८ | २ | ४ | ३ | ८.५७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका नं ४.४ लाई हेर्दा कक्षा १ मा १ जना छात्रले विद्यालय छोडेको पाइयो भने ३ जना छात्राले छोडेको पाइयो । त्यसैगरी कक्षा २ मा विद्यालय छोड्न बालबालिकाहरुको संख्या

हेर्दा २/२ जना रहेको पाइयो । त्यसैगरी कक्षा ४ मा विद्यालय छोड्ने बालबालिकाहरुको संख्या हेर्दा ४ जना छात्राहरुले मात्र विद्यालय छोडेको पाइयो भने छात्रहरुले यस तहमा विद्यालय छोडेको पाइएन । त्यसै गरी कक्षा ५ मा विद्यालय छोड्ने बालबालिकाहरुको  संख्या हेर्दा २ जना छात्र रहेको पाइयो भने छात्राको संख्या ३ रहेको पाइयो । यसले के देखाउँछ भने सबै भन्दा बढी विद्यालय छाड्ने बालबालिकाहरु कक्षा ५ मा रहेको पाइयो भने अन्य कक्षाहरुमा सामान्यतया बराबर रहेको देखिन्छ  तर कक्षागत रुपमा पनि विद्यालय छोड्ने छात्रहरु भन्दा छात्राहरुको संख्या नै बढी देखिन्छ ।

**तालिका नं ४.५**

**कक्षागत अवस्था अनुसार २०६७ सालमा कक्षा छोड्ने विद्यार्थीहरु**

| कक्षा | जम्मा संख्या | प्रतिशत | केटा | प्रतिशत | केटी | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | ० | ० | १ | २.७७ |
| २ | १ | १.०२ | १ | १.६३ | ० | ० |
| ३ | २ | २.१३ | ० | ० | २ | ४.८७ |
| ४ | ४ | ४.३४ | २ | ३.७० | २ | ५.२६ |
| ५ | ६ | ७.२३ | २ | ३.९२ | ४ | १२.५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका नं ४.५ लाई हेर्दा २०६७ सालमा कक्षा १ मा विद्यार्थी छोड्ने बालबीलकाहरुलाई हेर्दा १ जना छात्राले मात्र विद्यालय छोडेको पाइयो । त्यसैगरी कक्षा २ मा पनि १ जना छात्रले विद्यालय छोडेको देखिन्छ । भने यस कक्षामा छात्राहरुको विद्यालय छोडेको पाइएन । त्यसैगरी कक्षा ४ मा २/२ जना छात्र र छात्राले विद्यालय छोडेको पाइयो  भने कक्षा ५ मा २ जना छात्र र ४ जना छात्राले विद्यालय छोडेको पाइयो । यसरी माथिको तालिकाको विश्लेषणबाट के भन्न सकिन्छ भने कक्षा १ र २ मा कम बालबालिकाहरुले विद्यालय छोड्ने गरेका छन् भने सबै भन्दा बढी कक्षा ५ मा पुगेर विद्यालय छोड्ने गरेको पाइयो ।

यसरी २०६६ र २०६७ मा विद्यालय छोड्ने बालबालिकाहरुको संख्यालाई हेर्दा २०६६ सालमा २१ जना रहेको पाइयो भने २०६७ मा १४ जना रहेको पाइयो । यसले पनि के देखाउँछ भने विद्यालय छोड्ने बालबालिकाहरुको संख्या क्रमशः घट्दै गइरहेको छ ।

### ४.१.२. शैक्षिक वर्ष २०६६ र २०६७ सालको श्री गडिभवन मा.वि. र श्री राष्ट्रिय उच्च मा.वि.को तुलनात्मक विवरण

यस अध्ययनको लागि प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको वर्तमान अवस्था पत्ता लगाउनको लागि महाकाली अञ्चल दार्चुला जिल्ला, दत्तु गा.वि.स.का २ वटा माध्यमिक विद्यालयलाई छनोट गरी उक्त विद्यालयबाट आफ्नो अध्ययन पूरा नगरी विचैमा पढाई छोड्ने बालबालिकाहरुको विवरण क्रमशः तलको तालिकामा तुलनात्मक रुपमा विश्लेषण गरिएको छ । श्री गडिभवन मा.वि. र श्री राष्ट्रिय उच्च मा.वि. को २०६६ र २०६७ सालको शैक्षिक तथ्यांकलाई तलको तालिकाबाट तुलनात्मक रुपमा विश्लेषण गरिएको छ ।

**तालिका नं ४.६.**

**शैक्षिक वर्ष २०६६ र ६७ सालको श्री गडिभवन मा.वि. र श्री राष्ट्रिय उच्च मा.वि.को विद्यार्थी विवरण**

| विद्यालयको नाम | साल | जम्मा विद्यार्थी भर्ना | छात्र | छात्रा | विद्यालय छाड्ने विद्यार्थी संख्या | छात्र | छात्रा |
|---|---|---|---|---|---|---|---|
| श्री गडिभवन मा.वि. | २०६६ | २४६ | १४० | १०६ | ११ | ३ | ८ |
| | २०६७ | २३१ | १३८ | ९३ | ९ | ३ | ६ |
| श्री राष्ट्रिय उ.मा.वि. | २०६६ | २४७ | १४५ | १०२ | १० | ४ | ६ |
| | २०६७ | २२७ | १३६ | ९१ | ५ | २ | ३ |

स्रोत : स्थलगत अध्ययन, २०६७

नमूना छनोटमा परेका विद्यालय श्री गडिभवन मा.वि. र श्री राष्ट्रिय उच्च मा.वि.मा २०६६ सालमा प्राथमिक तहमा विद्यालय छोडेको विवरण गडिभवन मा.वि.मा कक्षा १ देखि ५ सम्म जम्मा २४६ जना विद्यार्थीहरु भर्ना भएका थिए जसमा १४० छात्र र १०६ छात्रा रहेको पाइयो तर यसमा विद्यालय छाड्ने जम्मा विद्यार्थी ११ जना रहेको पाइयो जसमा छात्रको संख्या ३ र छात्रा ८ जना रहेको पाइयो । त्यस्तै गरी राष्ट्रिय उच्च मा.वि.मा कक्षा १ देखि ५ सम्म जम्मा २४७ विद्यार्थीहरु भर्ना भएको पाइयो छात्रको संख्या १४५ र छात्राको संख्या १०२ रहेको पाइयो । यस विद्यालयमा तहपूरा नगरी विद्यालय छाड्ने बालबालिका जम्मा १० जना रहेको पाइयो जसमा केटाको संख्या ४ र केटीको संख्या ६ रहेको पाइयो ।

त्यसै अनुरुप २०६७ सालमा श्री गडिभवन मा.वि.मा कक्षा १ देखि ५ सम्म जम्मा भर्ना भएका विद्यार्थी संख्या २३१ रहेको पाइयो । जसमा केटाको सख्या १३८ र केटीको संख्या ९३ रहेको पाइयो । विद्यालय छाड्ने बालबालिकाहरु जम्मा ९ जना रहेका थिए । जसमा छात्र ३ जना र छात्रा ६ जना रहेका थिए ।

त्यसै गरी राष्ट्रिय उ.मा.वि. मा २०६७ सालमा कक्षा १ देखि ५ सम्म जम्मा २२७ जना विद्यार्थीहरु भर्ना भएका थिए, जसमा १३६ छात्र र ९१ छात्रा रहेको पाइयो । यी मध्ये विद्यालय छाड्ने छात्रको संख्या २ र छात्राको संख्याको संख्या ३ जना गरी जम्मा ५ जना रहेको पाइयो ।

तालिका ४.६ लाई विश्लेषण गर्दा श्री राष्ट्रिय उच्च मा.वि. मा भन्दा श्री गडिभवन मा.वि.मा प्राथमिक तहमा विद्यालय छोड्ने बालबालिकाहरुको संख्या बढी रहेको पाइयो भने दुईवटै विद्यालयका विद्यालय छाडने बालबालिकाहरुमा छात्रहरुको भन्दा छात्राहरुको संख्या उच्च रहेको पाइएको थियो ।

**४.२. विद्यालय छोडेका बालबालिकाहरुको पारिवारिक, सामाजिक र आर्थिक अवस्था**

बालबालिकाको पहिलो विद्यालय घरपरिवार हो, जहाँ उनीहरुले नैतिकता, आचरण, सामाजिकताका साथसाथै माया, दया, प्रेम, स्नेह आदि कुराहरु सिक्ने गर्दछन्, जुन परिवारमा बालबालिकाको संख्या थोरै हुन्छ, त्यो परिवारका बालबालिकाको उचित शिक्षा दिक्षा लालन पालन राम्रो हुने मानिन्छ तर जुन परिवारमा भीडभाड हुन्छ, परिवारको आकार ठूलो र बालबच्चा धेरै हुन्छन्, त्यो परिवारका बाबालिकाहरुको न त उचित लालनपालन हुन्छ, न त उचित खानपानको स्थिति नै रहन्छ । यही कारणले गर्दा बालबालिकाहरुको शैक्षिक अवस्थामा पनि प्रभाव पार्दछ ।

बालबालिकाको शिक्षामा सामाजिक तत्वले पनि प्रभाव पारिरहेको हुन्छ । जुन समाजका मानिसहरु शिक्षित हुन्छन्, त्यो समाजका बालबालिकाहरुले पनि आफूभन्दा अग्रज शिक्षित व्यक्तिहरुको अनुसरण गर्न थाल्दछन् । अशिक्षित समाजका बालबालिकामा शिक्षा लिनुपदर्छ भन्ने धारणा नबस्ने, सबै व्यक्तिहरु श्रमिक भएको क्षेत्रका बालिबालिकाहरु पनि श्रम प्रति आकर्षित हुने, पैसाको लालचमा फस्ने गर्दछन् । यी विविध कुराहरुको आधारमा के भन्न सकिन्छ भने बालबालिकाको शिक्षामा सामाजिक तत्वले प्रभाव पारिरहेको हुन्छ ।

जुन परिवारको आर्थिक अवस्था कमजोर रहेको हुन्छ, त्यो परिवारको घरायसी वातावरण पनि अभावै अभावले ग्रस्त हुन्छ । आर्थिक अभावले बालबालिकालाई विद्यालय जान उत्प्रेरित गर्नुको साटो विद्यालय शिक्षाबाट वञ्चित गराएको हुन्छ । परिवारको आर्थिक अवस्थाले बालबालिकाको शैक्षिक अवस्थालाई दिशा निर्देश गरिरहेको हुन्छ, धनी परिवारका बालबालिका टाइसुटमा खाजाको पोको बोकी महंगो विद्यालयमा शिक्षा आर्जन गर्ने गर्दछन् । तर गरिव परिवारका बालबालिका अभावै अभावको जिन्दगी विताउँदै ज्ञान प्राप्त गर्नुको साटो विचैमा विद्यालय छोड्न वाध्य हुन्छन् । यस ढङ्गले पारिवारिक, सामाजिक र आर्थिक तत्वले

बालबालिकाको शिक्षामा पार्ने प्रभावलाई अध्ययन क्षेत्रबाट प्राप्त तथ्यांकको आधारमा निम्न अनुसार उल्लेख गरिएको छ :

### ४.२.१. बालबालिकाहरुको पारिवारिक अवस्था र यसले शिक्षामा पारेको प्रभाव

यस अध्ययनमा छनोटमा परेका बालबालिकाहरुको घरमा गई उनीहरुका अभिभावकहरु मार्फत विभिन्न प्रश्नहरुको आधारमा आवश्यक तथ्याङ्क संकलन गरी परिवारको किसिम तथा पारिवारिक पृष्ठभूमि (अवस्था) जस्ता कुराहरुको अध्ययन गरिएको थियो । साथै परिवारको किसिम पेशा, जस्ता कुराहरुले बालबालिकाहरुको शिक्षामा पार्ने प्रभावहरुको समेत अध्ययन गरिएको थियो जसलाई तल चर्चा गरिएको छ ।

) **परिवारको किसिम**

बालबालिकाले पाउने शिक्षाको गुणस्तर परिवारको आकारमा निर्भर गर्दछ । पारिवारमा जति कम मात्रामा बालबालिकाहरु हुन्छन् त्यति नै उनीहरुले गुणस्तरीय शिक्षाको अवसर प्राप्त गर्दछन् भने जति बढी मात्रामा  बालबालिकाहरु एउटै परिवारमा हुन्छन् उनीहरु त्यति नै बढी मात्रामा शिक्षाको अवसरबाट वञ्चित हुन्छन् । यस अर्थमा एकल परिवारमा बालबालिकाहरुले गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर पाउँछन् र विद्यालय छोड्ने प्रथा पनि एकल परिवारमा कम हुन्छ । त्यस्तै संयुक्त परिवारमा बालबालिकाहरुको संख्या बढी हुने भएकोले एकल परिवारको भन्दा कम गुणस्तरीय शिक्षा पाउने गर्दछन् र विद्यालय छोड्ने प्रथा पनि संयुक्त परिवारमा बढी हुन्छ । छनौट गरिएका बालबालिकाहरुको परिवारको संरचनालाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं ४.७.**

**विद्यालय छोडेका बालबालिकाहरुको परिवारको किसिम**

| परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | १४ | ४० |
| संयुक्त परिवार | २१ | ६० |

स्रोत : स्थलगत अध्ययन, २०६७ ।

तालिका नं ४.७. लाई विश्लेषण गर्ने हो भने नमूनाको रुपमा छनोट गरिएका ३५ जना बालबालिकाहरु मध्ये १४ जना एकल परिवारका र २१ जना संयुक्त परिवारका रहेको पाइयो । यसबाट के देखिन्छ भने एकल परिवार भन्दा संयुक्त परिवारका बालबालिकाहरुले बढी मात्रामा विद्यालय छोड्ने गर्दछन् । अभिभावक र विद्यार्थीहरुका अनुसार यो संयुक्त परिवारकै कारणले

गर्दा भएको हो भने जानकारी दिएका थिए । उनीहरुका अनुसार संयुक्त परिवारमा सदस्य संख्या धेरै हुने बालबालिकाहरुले विद्यालय जानुको सट्टा आफ्ना भाइबहिनी हेर्नुपर्ने घरको कार्य गर्नुपर्ने भएकोले यस्तो परिवारको आर्थिक अवस्था समेत कमजोर हुने गर्दछ । एकल परिवारमा बालबालिकाको संख्या कम हुने भएकाले बाबुआमाले उचित शिक्षा दिन सक्छन् भने संयुक्त परिवारमा बालबालिकाको संख्या बढी हुने भएकाले बालबालिकाहरुले आफ्नो शिक्षालाई निरन्तरता दिन पाउँदैनन् । कम बालबालिका भएको परिवारका अभिभावकहरुले आफ्ना छोराछोरीहरुलाई शिक्षा दिनको लागि कम लगानी गरे पुग्छ भने संयुक्त परिवारका आफ्ना छोराछोरीहरुलाई गुणस्तरीय शिक्षा दिन बढी लगानी गर्नुपर्ने हुन्छ । नमूना छनोटमा परेका विद्यार्थी, प्र.अ., शिक्षक, अभिभावकले परिवारको आकारले शिक्षामा प्रभाव पार्ने कुरा उल्लेख गरेका थिए । उनीहरुका अनुसार परिवार संख्या थोरै भएमा बालबालिकाहरुलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरु जस्तै : कापी, किताब, कलम, ड्रेस लगायत अन्य सामग्रीहरु जुटाउन सजिलो हुने साथै आफ्ना बालबालिकाहरुका अन्य आवश्यकताहरु समेत पूर्ति गर्न सहज हुने कुरा उल्लेख गरेका थिए । एकल र संयुक्त परिवारको संख्या बराबर पाएन जसलाई तालिका नं ४.७.ले प्रष्ट पारेको छ ।

) **परिवारको पेशा**

आफ्नो आर्थिक स्तर उकास्न आफ्नो दैनिक जीवन निर्वाह गर्न मासिहरुले विभिन्न किसिमको पेशा व्यवसायहरु अंगालेका हुन्छन् । हाम्रो जस्तो विकासोन्मुख राष्ट्रको परिप्रेक्षमा भन्ने हो भने आमा बाबुले अँगालेको पेशामा छोराछोरीहरु पनि संलग्न भएका हुन्छन् । परिवारको पेशाले बालबालिकाहरुको शिक्षामा प्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ । परिवारको पेशामा बालबालिकाहरु पनि संलग्न हुनुपर्दा उनीहरु विद्यालय छोड्न बाध्य हुन्छन् । छनोट गरिएका बालबालिकाहरुको परिवारको पेशालाई तालिका नं ४.८. मा देखाइएको छ । अभिभावकहरुका अनुसार उनीहरुले अँगालेको पेशाले बालबालिकाहरुको शिक्षामा प्रत्यक्ष प्रभाव पार्दछ । यदि अभिभावकहरुले तल्लो स्तरको पेशा अँगालेका छन् भने उनीहरुको पारिश्रमिक न्यून हुन्छ । परिणामस्वरुप त्यस्ता अभिभावकहरुले आफ्ना बालबालिकाहरुका लागि चाहिने आवश्यक कुराहरु व्यवस्था गर्न सक्दैनन जसको कारण बालबालिकाहरु विद्यालय छोड्छन् ।

**तालिका नं ४.८. बालबालिकाहरुको परिवारको पेशा**

| पेशा | परिवारको संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १४ | ४० |
| मजदुरी | २१ | ६० |
| जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका नं ४.८. लाई विश्लेषण गर्दा आफ्नो भूमि हुने मानिसहरु कृषि पेशामा आवद्ध भएका र आफ्नो भूमि नभएका मानिसहरु अर्काकोमा मजदुरी गर्न बाध्य भएका हुन्छन् । यसबाट के देखिन्छ भने भूमि भएका परिवारका बालबालिकाहरुको तुलनामा अर्काको मजदुरी गर्ने परिवारका बालबालिकाहरुले बढी मात्रामा विद्यालय छोड्ने गर्दछन् । किन भने उनीहरुको आर्थिक स्तर अत्यन्त न्यून हुने र उनीहरुका अभिभावकहरुले आर्जन गरेको पैशाले मात्र उनीहरुलाई खान नपुग्ने र बाबालिकाहरुले समेत प्रायः जसो मजदुरी, कृषि, लगायतका पेशाहरुमा संलग्न हुनुपर्ने हुन्छ र उनीहरुले अभिभावकहरुको पेशाले गर्दा आफ्नो पढाई पूरा नगरी विद्यालय छोड्छन् । माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने नमूना जनसंख्याको ठूलो हिस्सा मजदुरी तथा त्यसको झण्डै आधा भन्दा बढी भाग कृषि पेशामा आवद्ध हुने देखिएकोले यसको प्रत्यक्ष प्रभाव उनीहरुको बालबालिकामा पर्न गएको पाइन्छ ।

) **धर्म र राजनीति**

अध्ययन गरिएको क्षेत्रमा अधिकांश मानिसहरु हिन्दु धर्मावलम्बी पाइएको थियो । अभिभावक, शिक्षक, प्र.अ.का अनुसार धर्म र राजनीतिको कारणले बालबालिकाहरुको शिक्षामा खासै असर नपुऱ्याइएको प्रतिक्रिया दाताहरुको भनाइ थियो ।

) **अभिभावकहरुको शैक्षिक अवस्था**

यस अध्ययनमा जम्मा ३५ जना अभिभावकहरुलाई छनोट गरिएको थियो । यो अध्ययन दुर्गम र पहाडी क्षेत्रमा गरिएको हुनाले छनोटमा परेका अभिभावकहरु पनि धेरै जसो निरक्षर नै पाइएको थियो जसलाई तालिका नं ४.९. मा उल्लेख गरिएको छ । शिक्षा यस्तो अस्त्र हो जसले व्यक्तिलाई अचेतनाबाट चेतना तर्फ उन्मुख गर्दछ । यदि अभिभावकहरु शिक्षित छन् भने उनीहरुले शिक्षाको महत्व बुझेका हुन्छन् र आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउँछन् । यदि अभिभावकहरु निरक्षर छन् भने उनीहरुले शिक्षाको महत्व बुझेका हुँदैनन् र आफ्ना बालबालिकाहरुलाई विद्यालय भन्दा पनि अन्य कार्यहरुमा लगाउँदछन् ।

**तालिका नं ४.९. विद्यालय छाडेको बालबालिकाहरुको अभिभावकहरुको शिक्षा**

| अभिभावकहरुको शिक्षा | संख्या | प्रतिशत |
|---|---|---|
| साक्षर | ९ | २५.७१ |
| निरक्षर | २६ | ७४.२९ |
| जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका नं ४.९. लाई विश्लेषण गर्दा बालबालिकाहरुको अभिभावकहरुको शैक्षिक स्थिति कमजोर नै रहेको पाइयो । यसबाट के देखिन्छ भने अभिभावकहरुको शैक्षिक स्थितिले बालबालिकाहरुको शिक्षामा प्रत्यक्ष असर पुऱ्याएको हुन्छ । शिक्षित अभिभावकहरुले आफ्ना छोराछोरीहरुलाई पनि शिक्षित बनाउन खोज्दछन् र बालबालिकाहरुलाई विद्यालयबाट छुटाउन चाहँदैनन् भने अशिक्षित  अभिभावकहरुले आफ्ना छोराछोरीहरुलाई शिक्षित बनाउन खासै चासो दिँदैनन् । अध्ययनमा परेका विद्यालयका बालबालिकाहरुका अभिभावकहरु साक्षर भन्दा निरक्षरको संख्या बढी रहेको पाइयो । ३५ जना अभिभावकहरु मध्ये ९ जना साक्षर (२५%) र २६ जना निरक्षर (७४.२९%) रहेको पाइयो । यसरी साक्षर भन्दा निरक्षर अभिभावकहरुका बालबालिकाहरु शिक्षाको अवसरबाट वञ्चित हुन्छन् ।

### ४.२.२. बालबालिकाहरुको आर्थिक अवस्था र यसले शिक्षामा पारेको प्रभाव

व्यक्तिलाई दैनिक आवश्यकता परिपूर्ति गर्नका लागि आर्थिक अवस्था राम्रो हुनु पर्दछ । बालबालिकाको शैक्षिक अवसरमा आर्थिक अवस्थाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कार्लमाक्सका अनुसार जुन व्यक्तिको आर्थिक अवस्था मजवुद छ त्यस परिवारका बालबालिकाहरुको शैक्षिक अवस्था राम्रो हुने र जुन व्यक्तिको आर्थिक अवस्था कमजोर छ तिनीहरुको शैक्षिक अवस्था पनि सोही अनुरुप हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् । अध्ययन क्षेत्रमा समावेश भएका बालबालिकाहरुको आर्थिक अवस्था समान देखिँदैन । जसलाई तालिका नं ४.१०. मा उल्लेख गरिएको छ । जुन परिवारको जमिन बढी छ त्यस्तो परिवारलाई आवश्यक पर्ने खाद्य पदार्थ आफ्नो जमिनबाट नै पुग्दछ र उनीहरुले अरुको मजदुरी गर्नुपर्दैन, साथै बचेको अन्न बेचेर पनि यस्ता परिवारले आय स्रोत बढाउन सक्दछन् । तर कम जमिन भएमा त्यसबाट नपुग्ने हुनाले अभिभावकहरुका साथै बालबालिकाहरुले दैनिक रोजगारीको लागि अर्काको मजदुरी गर्न जानु पर्दछ ।

**तालिका नं ४.१० : आर्थिक अवस्था**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| २० रोपनी भन्दा बढी | ५ | १७.१७ |
| १०-२० रोपनी सम्म हुने | ६ | १४.२८ |
| ५-१० रोपनी सम्म हुने | ११ | ३१.४२ |
| ५ रोपनी भन्दा कम | १३ | ३७.१४ |
| जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं ४.१०. अनुसार सबैभन्दा बढी विद्यालय छोड्ने बालबालिकाहरु (३७.१४ %) ५ रोपनी भन्दा कम भएका अभिभावकहरुका छोराछोरी रहेको पाइयो । यसरी आर्थिक अवस्था कमजोर भएको कारण उनीहरु विद्यालय जानबाट वञ्चित भएको वा विद्यालय छोड्ने गरेको देखियो । त्यसैगरी लगभग एक तिहाई अभिभावकहरु (३१.४२ %) को ५ रोपनी देखि १० रोपनी जमिन भएको देखियो । जसमा ५ रोपनी भन्दा कम जमिन भएको तुलनामा  कम बालबालिकाहरु भेटिएका थिए । अध्ययनमा १०-२० रोपनी सम्म जमिन हुने अभिभावकहरुका छोराछोरीहरु अन्य स्तरको तुलनामा कम रहेको पाइयो । त्यसैगरी २० रोपनी भन्दा बढी जमिन हुने अभिभावकहरुका छोराछोरीहरु कम मात्रामा नै विद्यालय छोड्ने गरेको देखियो । यसरी निष्कर्षमा के भन्न सकिन्छ भने व्यक्तिको आर्थिक स्थितिले शैक्षिक क्षेत्रमा पनि धेरै नै प्रभाव परेको हुन्छ । आर्थिक स्थिति मजबुद भएका परिवारका बालबालिकाहरु कम मात्रामा विद्यालय छोड्ने गर्दछन् भने आर्थिक स्थिति न्यून भएका परिवारका बालबालिकाहरु बढी मात्रामा विद्यालय छोड्न बाध्य हुन्छन् ।

प्र.अ., शिक्षक र अभिभावकहरुका अनुसार आर्थिक अवस्था राम्रो भएका परिवारका बालबालिकाहरुले आर्थिक अवस्था कमजोर भएका बालबालिकाहरुको तुलनात्मक रुपमा विद्यालय छाड्ने गरेका छैनन् । उनीहरुका अनुसार आर्थिक अवस्था राम्रो भएका परिवारका अभिभावकहरुले बालबालिकाहरुको लागि चाहिने सम्पूर्ण वस्तुहरुको प्रवन्ध गरेका हुन्छन् । अभिभावकहरुका अनुसार आर्थिक अवस्था राम्रो भएमा बालबालिकाहरुलाई नियमित विद्यालय पठाउन सकिन्छ । अर्काकोमा काम गर्न जानु पर्दैन । खानाको समस्या हुँदैन । यदि आफ्नो जमिन कम छ भने दैनिक जीवनको गुजाराको लागि अर्काको काम गर्न जानु पर्दछ र यसको असर बालबालिकाहरुको शिक्षामा समेत पर्ने गर्दछ ।

### ४.२.३. बालबालिकाहरुको सामाजिक अवस्था र यसले शिक्षामा पारेको प्रभाव

बालबालिकाहरु विभिन्न सामाजिक परिवेशबाट विद्यालयमा आएका हुन्छन् । हाम्रो समाज विविधताले निर्माण भएको छ । केही अभिभावकहरु परम्परागत अन्धविश्वास, कुरीति, कुसंस्कार एवं अचेतनाको कारणले आफ्ना बालबालिकाहरुलाई विद्यालय नपठाई घरायसी कार्यमा लगाउँछन् भने शिक्षित व्यक्तिहरुले समेत त्यस्ता अभिभावकहरुलाई शिक्षाको महत्व सम्बन्धमा जानकारी गराएको पाइँदैन । अझ भन्नु पर्दा लैंगिक दृष्टिकोणको कारणले गर्दा कतिपय अभिभावकहरुले त छोरालाई विद्यालय र छोरीलाई घरायसी काममा संलग्न गराएको पाइन्छ । अध्ययन गरिएको क्षेत्रको सामाजिक अवस्थालाई चर्चा  गरिएको छ । यस अध्ययनको लागि माथिल्लो जातको रुपमा भाट, बोहरा, नगारी, कार्की, धामी, चैसिरलाई लिइएको छ भने तल्लो जातको रुपमा चुनारा, लावड, लुहार, सार्की, विक, कोलीलाई लिइएको छ । तल्लो जातका

बालबालिकाहरुका अभिभावकहरुको आर्थिक एवं शैक्षिक अवस्था कमजोर रहेको पाइयो । जसको कारणले आफ्ना बालबालिकाहरुलाई विद्यालय नपठाउने गरेको पाइयो भने माथिल्लो जातका अभिभावकहरुको आर्थिक तथा शैक्षिक अवस्था राम्रो रहेको र आफ्ना बालबालिकाहरुलाई नियमित विद्यालय पठाउने गरेको र बालबालिकाहरुले समेत विद्यालय नछोड्ने गरेको पाइयो । प्र.अ. र शिक्षकका अनुसार हाम्रो समाजमा विद्यमान सामाजिक अवस्थाले समेत बालबालिकाहरुको शिक्षामा प्रत्यक्ष प्रभाव पार्ने गरेको छ । समाजमा तल्लो जात भन्दा माथिल्लो जातका बालबालिकाहरुको शिक्षामा राम्रो पहँचे रहनु, केटा भन्दा केटीहरुको विद्यालय छोड्ने दर बढी रहनु जस्ता कुराहरु सामाजिक अवस्थाको कारणले भएको हो भन्ने कुरा बताएका थिए ।

**) जातिय विवरण**

हाम्रो समाजले समाजमा बसोवास गर्ने मानिसहरुलाई तल्लो जात र माथिल्लो जात गरी दुई जातमा विभाजन गरेको छ । अध्ययनको सिलसिलामा विद्यालय छोडेका बालबालिकाहरुको जातिगत तथ्यांक पनि संकलन गरिएको थियो जसलाई तल उल्लेख गरिएको छ ।

**तालिका नं ४.११. विद्यालय छोडका बालबालिकाहरुको जातिगत विवरण**

| जाति | संख्या | प्रतिशत |
|---|---|---|
| माथिल्लो जात | १४ | ४० |
| तल्लो जात | २१ | ६० |
| जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत अध्ययन,२०६७ ।

तालिका नं ४.११. लाई विश्लेषण गर्दा अध्ययन क्षेत्र छनोटमा परेका बालबालिकाहरुको जातिगत अवस्थालाई हेर्दा प्राथमिक तहमा विद्यालय छोड्ने बालबालिकाहरुमा बढी मात्रामा तल्लो जातका बालबालिकाहरु रहेको पाइयो । यसबाट के देखिन्छ भने समाजमा तल्लो जात भनेर छुट्याइएका अभिभावकहरुले आफ्ना छोराछोरीहरुलाई विद्यालय पठाउन खासै चासो राख्दैनन् । समाजले हेर्ने दृष्टिकोण, साथीभाइसँगको घुलमिल, आर्थिक स्तर, आदिको कारणले माथिल्लो जातिको तुलनामा तल्लो जातिका बालबालिकाहरुले आफ्ना छोराछोरीहरुलाई निश्चित तहमा विद्यालयबाट छुटाउने गर्दछन् । प्र.अ., शिक्षकका अनुसार तल्लो जातका परिवारका बालबालिकाहरुभन्दा माथिल्लो जातका बालबालिकाहरु नियमित विद्यालय आउँछन् । किनकी यस्तो परिवारको आर्थिक अवस्था राम्रो हुन्छ तर यसको विपरीत आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिकाहरु आफ्नो पढाई पुरा नगरी विचैमा विद्यालय छोड्ने गरेका छन् । पारिवारिक अवस्था राम्रो भएका अभिभावकले दिइएको प्रतिक्रियामा आफूले बालबालिकाहरुलाई नियमित विद्यालय पठाउने गरेको कुरा बताएका थिए भने तल्लो जातका

आर्थिक अवस्था कमजोर भए, अभिभावकहरु वा विद्यार्थीहरुले दिइएको प्रतिक्रियामा बालबालिकाहरुलाई दैनिक विद्यालय पठाउन नसकेको एवं पढाई पुरा नगरी विचैमा विद्यालय छाड्नु परेको प्रतिक्रिया दिएका थिए ।

## ) लैंगिक विवरण

समाजमा भएका दुई लिङ्ग महिला र पूरुषलाई शिक्षा दिने कुरामा विभेद गरेको पाइन्छ । हाम्रो समाजमा हावी भएको कुरीति अनुसार छोरालाई महँगो तथा निजी विद्यालयमा पढ्न पठाउने र छोरीलाई घास, दाउरा, चुलाचौकामा सिमित गराउने प्रवृत्ति रहेको पाइन्छ । अध्ययन गरिएको क्षेत्रको लैंगिक अवस्था अनुसार विद्यालय छोड्ने बालबालिकाहरुको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं ४.१२ विद्यालय छोडेका बालबालिकाहरुको लैंगिक विवरण**

| लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|
| केटा | १२ | ३४.२९ |
| केटी | २३ | ६५.७१ |
| जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका नं ४.१२. लाई विश्लेषण गर्दा यो देखिनछ कि कुनै निश्चित तहमा विद्यालय छोड्ने बालबालिकाहरुमा छात्रहरुको तुलनामा छात्राहरुको संख्या बढी रहेको पाइएको थियो । दुर्गम तथा पहाडी जिल्लामा गरिएको यस अध्ययनले त्यहाँ पनि सामाजिक कुरीति, कुसंस्कारले जरा गाडेको देखाएको छ । फलस्वरुप छात्रहरुको तुलनामा छात्राहरुले बढी मात्रामा प्राथमिक तहमा विद्यालय छाड्ने गरेको पाइएको थियो । हाम्रो समाजमा छोरा र छोरीलाई हेर्ने दृष्टिकोण फरक छ । छोरालाई हेर्ने दृष्टिकोण सकारात्मक छ भने समाजले छोरीलाई नकारात्मक रुपमा एवं बोझको रुपमा लिने गरेका छन् । सोही कारणले आर्थिक अवस्था कमजोर भएका एवं तल्लो जातका अभिभावकहरुले बालबालिकाहरुलाई विद्यालय पठाउनुको सट्टा घरायसी कार्यमा लगाइएको पाइन्छ ।

Max Weber ले जब सम्म समाजमा विभेदीकरण भइरहन्छ, तबसम्म मानिसहरुमा समान अवसर प्रदान हुँदैन जसले गर्दा व्यक्तिको हरेक पक्षको विकासमा रोकावट हुने गर्दछ । यस अध्ययन क्षेत्रमा रहेका उच्चजातका बालबालिकाहरु कम मात्रामा विद्यालय छोडेको र तल्लो जातिका बालबालिकाहरु धेरैले विद्यालय छोड्ने गरेको पाइयो । यसरी जातिगत विभेदले समाजमा बालबालिकाहरुको शैक्षिक क्षेत्रमा अगाडि बढ्नका लागि कठिन भइरहेको देखिन्छ ।

त्यसैगरी पेशागत रुपमा उच्च जातिकाहरुले आफ्नै जमिनमा कृषिपेशा अँगाल्दै आएको पाइयो भने तल्लो जातिहरुका अधिकांश बालबालिकाहरुले अरु व्यक्तिको मजदुरी गरेर जीविकोपार्जन गर्दैआएको पाइयो । त्यस्तै गरी यस समाजमा सम्पूर्ण अभिभावकहरुले हिन्दु धर्म मान्दै आएको पाइयो ।

### ४.३. प्राथमिक तहमा विद्यालय छोड्नुका कारणहरु

बालबालिकाले प्राथमिक तहमा विद्यालय छोड्ने कारणहरु चार भागमा विभाजन गरी अध्ययन गरिएको छ । यस अर्न्तगत विद्यालयको कारण, आर्थिक कारण, व्यक्तिगत कारण र पारिवारिक कारणहरुको गहन अध्ययन गर्नका लागि छनोटमा परेका प्र.अ., शिक्षक, बालबालिकाहरु तथा तिनीहरुका अभिभावकहरुसँग अन्तर्वार्ता सूचीका सहायताले सूचना संकलन गरिएको थियो । जुन प्राप्त सूचनालाई विभिन्न तालिकाहरुको माध्यमबाट देखाइएको छ।

#### ४.३.१. विद्यालय सम्बन्धी कारणहरु

प्राथमिक तहमा विद्यालय छोड्नुका कारणहरु मध्ये विद्यालयको कारणलाई प्रमूख मान्न सकिन्छ । विद्यालयमा प्रर्याप्त शैक्षिक सामग्री, भौतिक सामग्री, विद्यालयको वातावरण, विद्यालयको दुरी, आदि जस्ता कारणहरुले बालबालिकाहरु बिचैमा विद्यालय छोड्नु पर्ने अवस्था सृजना हुने गर्दछ । यस अध्ययनमा बालबालिकाहरुले दिएको प्रतिक्रियाको आधारमा उनीहरुले विद्यालय छोड्नु पर्ने कारणहरु पत्ता लगाइएको थियो जसलाई तालिका नं ४.१३ मा उल्लेख गरिएको छ ।

**तालिका नं ४.१३. : बालबालिकाहरुले बिचैमा विद्यालय छोड्ने कारणहरु**

| क.सं. | विद्यालय सम्बन्धी कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बस्ने ठाउँ राम्रो नभएर | ३ | ८.५७ |
| २ | विद्यालय टाढा भएर | २० | ५७.१४ |
| ३ | शिक्षकले पिट्केोले | ५ | १४.२८ |
| ४ | शिक्षकले सोधेको प्रश्नको उत्तर दिन नसकेर | ५ | १४.२८ |
| ५ | शिक्षकले वेवास्ता गरेकोले | २ | ५.७१ |
| | जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं ४.१३ अनुसार बालबालिकाहरुले बिचैमा विद्यालय छोड्नु पर्ने प्रमुख कारण विद्यालय टाढा भएकोले भन्ने प्रतिक्रिया ५७.१४ % विद्यार्थीहरुले दिएका थिए । त्यसै गरी ७ भागको एक भाग (१४.२८ %) विद्यार्थीहरुले शिक्षकले पिट्नु भएर र त्यही नै (१४.२८ %)

बालबालिकाहरुले शिक्षकले सोधेका प्रश्नहरुको उत्तर दिन नसकेर विद्यालय छोड्नु परेको प्रतिक्रिया दिए । त्यसै गरी न्यून विद्यार्थीहरु (५.१७ %) ले शिक्षकले विद्यार्थीहरु प्रति कुनै चासो नदिने भएकोले र साथै विद्यालयमा बस्ने ठाउँ राम्रो नभएकोले जान छोडेको प्रतिक्रिया दिए ।

### ४.३.२. आर्थिक कारणहरु

यस अध्ययन क्षेत्रका अभिभावकहरु तथा बालबालिकाहरुको प्रमूख पेशा कृषि र मजदुरी रहेको छ । यहाँका निम्न जातका मानिसहरु मजदुरी गरेर कष्टपूर्ण जीवन यापन गरिरहेको अवस्था छ । बालबालिकाहरु विद्यालय बिचैमा छोड्नु पर्ने आर्थिक कारणहरु मध्ये उनीहरुबाट आएको प्रतिक्रियाहरुलाई तालिका नं ४.१४ मा उल्लेख  गरिएको छ ।

**तालिका नं ४.१४. : बालबालिकाहरुले बिचैमा विद्यालय छोड्ने आर्थिक कारणहरु**

| क.सं. | आर्थिक कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कापीकलम किन्न नसकेर | १५ | ८५ |
| २ | भर्ना शुल्क तिर्न पैसा नभएर | ४ | ११.४२ |
| ३ | विद्यालयको पोशाक नभएर | ६ | १७.१४ |
| ४ | पैशाको लागि काम गर्नु परेर | ५ | १४.२८ |
| ५ | घरायसी काम हेर्नु पर्ने भएर | ५ | १४.२८ |
|  | जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं ४.१४. अनुसार सबैभन्दा बढी (४२.८५ %) बालबालिकाहरुले कापीकलन किन्न नसकेर विद्यालय छोड्नु परेको प्रतिक्रिया पाइयो । निम्न स्तरको आर्थिक स्थिति भएका बालबालिकाहरु (११.४२ %) ले भर्ना शुल्क तिर्न नसकेर बताए । त्यसैगरी १७.१४% बालबालिकाहरुले विद्यालयमा लगाउने पोशाक किन्न नसकेर विद्यालय छोड्नु परेको बताए । घरायसी कार्य गर्नु पर्ने र पैसाको लागि काम गर्नु पर्ने कारणले भन्ने बालबालिकाहरु बराबर (१४.२८ %) ले प्रतिक्रिया रहेको पाइयो ।

### ४.३.३. व्यक्तिगत कारणहरु

समाजमा भएका विभिन्न कारणहरुले बालबालिकाहरु विद्यालय जान नसक्ने स्थिति रहेता पनि व्यक्तिगत कारणको प्रमुख भूमिका रहेको कुरा विद्यार्थीको प्रतिक्रियाबाट प्रष्ट भयो जसलाई तालिका नं ४.१५ मा उल्लेख गरिएको  छ ।

**तालिका नं ४.१५.: बालबालिकाहरुका अनुसार बिचैमा विद्यालय छोड्ने व्यक्तिगत कारणहरु**

| क.सं. | व्यक्तिगत कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उमेर | ५ | १४.२८ |
| २ | परीक्षामा असफल भएर | १० | २८.५७ |
| ३ | बिरामी भएर | २ | ५.७१ |
| ४ | दुर्घटनामा परेर | ३ | ८.५७ |
| ५ | साथीसँगको झगडामा परेर | ४ | ११.४२ |
| ६ | भाषा नबुझेर | ६ | १७.१४ |
| ७ | विद्यालय जान मन नलागेर | ५ | १४.२८ |
| | जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं ४.१५. अनुसार विद्यालय छोड्नुका व्यक्तिगत कारणहरु मध्ये परीक्षामा असफल भएर सबैभन्दा बढी १० जना (२८.५७ %) बालबालिकाहरुले विद्यालय छोडेको प्रतिक्रिया पाइयो । त्यस्तै गरी उमेरको कारणले १४.२८% ले विद्याले छोडेको पाइयो । एक चौथाई बालबालिकाहरु (१७.१४ %) भाषा नबुझेर विद्यालय छोडेको साथै न्यून विद्यार्थी (५.७१ %) ले बिरामी भएर विद्यालय छोडेको प्रतिक्रिया दिए । दुर्घटनामा परेर, साथीसँग झगडा परेर पनि विद्यालय छोडेको प्रतिक्रिया पाइयो । यसरी समग्रमा के देखिन्छ भने बालबालिकाहरुले विभिन्न कारणले विद्यालय छोड्ने गरेको भएता पनि मुख्य कारण चाहिँ परीक्षामा असफल भएर (२८.५७ प्रतिशत) रहेको पाइयो ।

### ४.३.४ परिवारसँग सम्बन्धित कारणहरु

परिवारको कमजोर आर्थिक स्थिति र उनीहरुले शिक्षाको महत्व बुझ्न नसकेका कारणले गर्दा बालबालिकाहरुले आफ्नो पढाईलाई निरन्तरता दिनुको सट्टा विभिन्न घरायसी कामका साथै अभिभावकहरुको सहयोगको रुपमा आर्थिक कार्यमा संलग्न रहनु पर्ने बाध्यतात्मक स्थिति रहेको पाइन्छ । बालबालिकाले बिचैमा विद्यालय छोड्ने कारणका सम्बन्धमा नमूना क्षेत्रका अभिभावकहरुद्वारा प्राप्त प्रतिक्रियालाई तालिका नं ४.१६. मा देखाइएको छ ।

**तालिका नं ४.१६**

**अभिभावकहरुका अनुसार बालबालिकाले बिचैमा विद्यालय छोड्ने पारिवारिक कारणहरु**

| क.सं. | पारिवारिक कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि कार्यमा सहयोग गर्नुपर्ने भएकाले | ११ | ३१.४२ |
| २ | घरमा भाइबहिनी हेर्नु पर्ने भएकाले | ७ | २० |
| ३ | घरायसी कार्यमा अभिभावकहरुलाई सहयोग गर्नुपर्ने भएकोले | ९ | २५.७१ |
| ४ | परिवारका सदस्यको आकस्मिक निधन भएकोले | २ | ५.६७ |
| ५ | परिवारको आधार ठूलो भएकोले | ६ | १७.१४ |
| | जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका ४.१६ अनुसार बालबालिकाहरुले बिचैमा विद्यालय छोड्ने कारणहरु मध्ये कृषि कार्यमा सहयोग गर्नुपर्ने भएको कारणले गर्दा भन्नेमा लगभग एक तिहाई (३१.४२ %) अभिभावकहरुको प्रतिक्रिया रहेको पाइयो । घरमा भाइबहिनी हेर्नुपर्ने भन्ने प्रतिक्रिया पाँच भागको एक भाग अभिभावकहरुले दिइएको पाइयो । त्यसैगरी एक चौथाई भन्दा बढी (२५.७१ %) अभिभावकहरुले घरायसी कार्यमा सहयोग गर्नु परेकाले भन्ने प्रतिक्रिया दिए । त्यस्तै परिवारको आकार ठूलो भएर बालकालिकाहरुले विद्यालय छाड्नु परेको भन्ने प्रतिक्रिया १७.१४ % अभिभावकहरुको थियो । केही अभिभावकहरु (५.७१ %)ले भने परिवारका सदस्यहरुको मृत्युको कारण बालबालिकाहरुले विद्यालय छोड्ने गरेको जानकारी गराए ।

### ४.३.५ प्राथमिक तहमा विद्यालय छोड्ने कारणहरु बारे प्रधानाध्यापक तथा शिक्षकहरुबाट आएका प्रतिक्रियाहरु

यस अध्ययनमा परेका दुईवटै माधयमिक विद्यालयहरु रहेका प्र.अ. र प्राथमिक तहमा अध्यापन गराउने शिक्षक शिक्षिकाहरुबाट प्राथमिक तहमा विद्यालय छोड्ने कारणहरु सम्बन्धमा प्रायः सबैको एउटै किसमिको प्रतिक्रिया रहेको पाइयो जुन प्रतिक्रिया वा उनीहरुको धारणा तथा कारणहरुलाई बुँदागत रुपमा निम्न अनुसार प्रस्तुत गरिएको छ :

- अभिभावकहरुको आर्थिक अवस्था कमजोर हुनु ।
- विद्यालयको दुरी टाढा हुनु ।
- अभिभावकहरुमा शैक्षिक चेतनाको कमी हुनु ।
- बाटोघाटोको असुविधा हुनु ।

- अभिभावक आफैले बालबालिकाहरुलाई विद्यालय पठाउने सन्दर्भमा हेलचक्राई गर्नु ।
- अभिभावकको पेशा कमजोर हुनु ।
- परिवारको संख्या धेरै हुनु ।
- समाजमा जातिगत भेदभाव छुवाछुत जस्ता कुरितिहरुलाई प्रोत्साहित गर्नु ।
- समाजमा लैङ्गिक विभेदीकरण हुनु ।
- विद्यालयको वातावरण राम्रो नहुनु ।
- विद्यार्थीहरुले पढाइमा विशेष रुचि नदिनु ।
- बालबालिकाहरुले घरायसी काम गर्नु पर्ने भएर
- राजनैतिक अस्थिरताका कारण
- ` बढी उमेर भएमा बालबालिकाहरुका विद्यालय जान लाज मान्ने प्रवृत्तिले
- सरकार पक्षबाट निशुल्क प्राथमिक शिक्षा भएता पनि गरिव बालबालिकाहरुको आर्थिक कठिनाईहरुलाई बुझ्न नसक्नु ।
- विद्यालयमा शैक्षिक सामग्री पर्याप्त मात्रामा नहुनु ।
- बालबालिकाहरुको मातृभाषा अनुरुप शिक्षण गर्न नसक्नु ।

### ४.३.६. प्राथमिक तह पुरा नगरी विद्यालय छोडेका बालबालिकाहरुको बर्तमान अवस्था

प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको वर्तमान अवस्थालाई हेर्दा सन्तोषजनक देखिएन । शिक्षाको कमीले गर्दा उनीहरुले आफ्नो दैनिक जीवन यापन कठोरता पूर्वक निर्वाह गरेको पाइयो । उनीहरुले वर्तमान अवस्थामा शारिरीक श्रम जस्तै कृषि, मजदुरी, घरायसी काम, होटलको काम, खलासीमा आफ्नो वर्तमान जीवन व्यतित गरिरहेको पाइयो । जुन तलको तालिकाबाट हेर्न सकिन्छ । यस अध्ययन छनोटमा परेका बालबालिकाहरुसँग लिइएको अन्तर्वार्ता प्रश्नावलीको माध्यमबाट उनीहरुले विद्यालय छोडे पश्चात हालको समयमा गर्दै आएका कार्यहरु तालिका नं ४.१७. अनुरुप रहेको छ ।

**तालिका नं ४.१७.: विद्यालय छोडेका बालबालिकाहरुको वर्तमान अवस्था**

| जाति | बालबालिकाहरुको पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| भाट | कृषि | २ | ५.७१ |
| नगारी | कृषि | ४ | ११.४२ |
| लावड | घरायसी काम | ७ | २०.० |
| चुनार | मजदुरी | ५ | १४.२८ |

| | | | |
|---|---|---|---|
| लुहार | मजदुरी | ३ | ८.५७ |
| बोहरा | कृषि | १ | २.८५ |
| कार्की | घरायसी काम | ३ | ८.५७ |
| सार्की | मजदुरी | २ | ५.७१ |
| चौसिर | घरायसी काम | ४ | ५.७१ |
| धामी | कृषि | १ | २.८५ |
| वि.क. | खलासी | २ | ५.७१ |
| कोली | होटलमा काम गर्ने | १ | २.८५ |
| | जम्मा | ३५ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका नं ४.१७ अनुसार विद्यालय छोड्ने बालबालिकाहरु मध्ये सबैभन्दा बढी (५७.१४ %) मजदुरी पेशामा संलग्न रहेको पाइयो । यसरी मजदुरीमा संलग्न हुर्ने बालबालिकाहरु निम्न जातिका रहेको देखियो र उनीहरुका बाबुआमाहरुको पेशा पनि मजदुरी नै रहेको कारण अधिकांश मजदुरी गर्ने अभिभावकहरुका छोराछोरीहरु मजदुरी नै गर्दै आएको पाइयो । त्यस्तै गरी आधा भन्दा केही कम (४२.८५ %) बालबालिकाहरु घरायसी कार्य सँगै कृषि पेशामा संलग्न रहेको देखियो । यस पेशामा संलग्न बालबालिकाहरुका  अभिभावकहरु कृषि पेशामा संलग्न भएको कारण सोही अनुरुपका कार्यहरु नै गर्दै आएको पाइयो ।

यस तालिका अनुसार माक्सले भने झैं आर्थिक अवस्था निम्न आएका व्यक्तिहरुले अरुकोमा मजदुरी गर्दै जीवन यापन गर्नुपर्ने प्रकृति पुरुतौं पुस्तामा हस्तान्तरण हुँदै जाने स्पष्ट भयो । जहाँ उच्च जातका अभिभावकहरुले आफ्नै जमिनमा कृषि पेशा गर्दै गए अनुरुप नै बालबालिकाहरु पनि कृषि पेशामा नै संलग्न भएको देखियो । त्यसै गरी समाजमा उच्च जातिका र निम्न जातका मानिसहरुको पेशाको स्तर फरक भएको पाइयो । जुन कारणले समाजमा व्यक्तिहरुको विभेदीकरण भएको देखियो जुन Max Weber  को धारणासँग मिल्दो जूल्दो देखियो ।

### ४.४. विद्यालय छोड्ने दर घटाउने उपायहरु

विद्यार्थीहरुलाई विद्यालय नछोडनका लागि के गर्न सकिन्छ भन्ने प्रश्नको जवाफमा प्र.अ., शिक्षकशिक्षिका, अभिभावकहरु र विद्यार्थीहरुसँग छुट्टाछुट्टै अन्तर्वार्ता प्रश्नावलीद्वारा निम्न किसिमका सुझाव सम्बन्धि प्रतिक्रिया दिए जसलाई तल उल्लेख गरिएको छ ।

### ४.४.१. विद्यालय छोडेका बालबालिकाहरुबाट पुनः विद्यालय जाने सम्बन्धमा उनीहरुको दृष्टिकोण

अध्ययन छनोटमा परेका बालबालिकाहरुलाई तपाईहरु पुनः विद्यालय कस्तो अवस्था भए जान सक्नु हुन्छ भन्ने प्रश्नको जवाफमा उनीहरुबाट आएका प्रतिक्रियाहरुलाई तालिका नं ४.१८ अनुसार उल्लेख गरिएको छ ।

**तालिका नं ४.१८ः विद्यालय छोडेका बालबालिकाहरुबाट पुनः विद्यालय जाने सम्बन्धमा उनीहरुको दृष्टिकोण**

| बालबालिकाहरुको प्रतिक्रिया | संख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक अवस्था राम्रो भए | १५ | ४२.८५ |
| विद्यालय नजिक भए | ६ | १७.१४ |
| विद्यालय र घरमा पढ्ने वातावरण राम्रो भए | १० | २८.५७ |
| पारिवारिक सामाजिक अवस्था राम्रो भए | २ | ५.७१ |
| स्वास्थ्य स्थिति राम्रो भए | २ | ५.७१ |
| जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका नं ४.१८ अनुसार सबैभन्दा बढी (४२.८५ %) बालबालिकाहरुले आर्थिक अवस्था राम्रो भए पुनः विद्यालय जान सक्ने प्रतिक्रिया जनाए । एक चौथाई भन्दा बढी (२८.५७ %) बालबालिकाहरुले विद्यालय र घरमा पढ्ने वातावरण राम्रो भए पुन विद्यालय जान सक्ने उनीहरुको प्रतिक्रिया थियो । त्यस्तै गरी १७.१४ % बालबालिकाहरुले विद्यालय नजिक भइ दिए पुनः विद्यालय जान सक्ने वताएको पाइयो भने पारिवारिक र सामाजिक अवस्था राम्रो भए साथै स्वास्थ्य स्थिति राम्रो भएमा पुनः विद्यालयमा जाने भन्ने बालबालिकाहरुको दुवैमा बराबर २/२ जना रहेको पाइयो ।

### ४.४.२. अभिभावकले दिएको सुझावको आधारमा विद्यालय छोड्ने समस्या कम गर्ने उपायहरु

प्राथमिक तहमा विद्यालय छोडेका बाबालिकाहरुको वर्तमान अस्था पहिचान गर्नको लागि अभिभावकहरुलाई पनि प्रतिक्रियादाताको रुपमा लिइएको थियो । वास्तवमा बालबालिकाहरुलाई नियमित रुपमा विद्यालय पठाउनु अभिभावकको कर्तव्य हो । नमूना छनोटमा परेका विद्यालयका बालबालिकाले बिचैमा विद्यालय छोड्ने कारणहरुलाई हेर्दा अभिभावकबाट निम्न प्रतिक्रिया प्राप्त भएको थियो । उनीहरुका अनुसार बालबालिकाले कृषि

कार्य गर्नुपर्ने, भाइबहिनी हेर्नुपर्ने, मजुरी गर्नुपर्ने, अन्य कार्यमा अभिभावकलाई सहयोग गर्नुपर्ने भएकाले बालबालिकाले नियमित विद्यालय जान नपाइ बिचैमा विद्यालय छोड्नु परेको प्रतिक्रिया दिएका थिए ।

- गरिव अभिभावकहरुको आर्थिक अवस्था उकास्नका लागि विभिन्न किसिमका रोजगारहरुको अवसर दिनुपर्ने ।
- समाजमा जातिगत भेदभावको अन्त्य गरिनुपर्दछ ।
- परिवारमा हुने लैंगिक विभेदलाई निरुत्साहित गर्नुपर्ने
- निरक्षर अभिभावकहरुलाई शैक्षिक चेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- गरिव विद्यार्थीहरुलाई शतप्रतिशत छात्रवृत्तिको व्यवस्था गरिनु पर्ने ।
- सरकारले आर्थिक अवस्था कमजोर भएका बालबालिकाहरुलाई विद्यालय पोशास र छात्रवृत्तिको व्यवस्था गराउनु पर्ने ।
- आफ्नै मातृभाषामा पढ्ने वतावरण अनुकुल हुनुपर्ने
- विद्यालयहरु ठाउँठाउँमा निर्माण गर्नुपर्ने ।
- बाटोघाटो, पुल, आदिको राम्रो व्यवस्था हुनुपर्ने ।
- कमजोर विद्यार्थीहरुका लागि निशुल्क अतिरिक्त कक्षाको व्यवस्था गर्नुपर्ने ।
- सरकारले अतिन्यून भूमि भएका मानिसका लागि केही थप भूमिको व्यवस्था गर्नुपर्ने ।
- शिक्षकले सबै विद्यार्थीहरुलाई सबै किसिमको व्यवहार गर्नुपर्ने ।
- बालबालिकाहरुलाई विद्यालयमा पढ्नुका साथै मनोरञ्जनका लागि पनि उचित समय मिलाउनु पर्ने ।

### ४.४.३. प्रधानाध्यापक र शिक्षकले दिएको सुझावहरुका आधारमा विद्यालय छोड्ने समस्या कम गर्ने उपायहरु

बालबालिकाहरुले प्राथमिक तहमा विद्यालय छोड्ने कारणबारे आवश्यक सूचनाहरु संकलन गर्नको लागि प्र.अ. र शिक्षकहरुलाई समेत सूचनादाताको रुपमा लिइएको थियो । उनीहरुबाट प्राप्त प्रतिक्रियालाई हेर्दा बालबालिकाले बिचैमा विद्यालय छोड्ने कारणहरुमा परिवारको आर्थिक अवस्था , शैक्षिक चेतना, बाटोघाटो, परिवारको किसिम, लैंगिक विभेद, विद्यालयको वातावरण, राजनीतिक अवस्था, भाषाको समस्या जस्ता कारणहरु प्रमुख रहेको प्रतिक्रिया रहेका थिए ।

- अभिभावकहरुलाई बालबालिकाको पढाईलाई निरन्तरता दिन प्रोत्साहित गर्नु पर्ने ।

- अभिभावकहरुमा शैक्षिक चेतनाको अभिवृद्धि गर्नुपर्ने ।
- गरिव परिवारको आर्थिक अवस्था सुधार्न रोजगारीको अवसर प्रदान गर्नुपर्ने ।
- आर्थिक अवस्था कमजोर हुने बालबालिकालाई निशुल्क पोशाक, कापीकलम, खाद्यान्नको व्यवस्था मिलाउनु पर्ने ।
- बालबालिकाहरुलाई उचित उमेरमा विद्यालय पठाउन अभिभावकहरुलाई सुझाव दिनु पर्ने ।
- अभिभावकहरुमा सानो परिवार सुखी हुन सक्छ भन्ने धारणाको विकास गराउने ।
- लैंगिक असमानताको अन्त्य गर्नु पर्ने ।
- जातिगत असमानताहरुलाई हटाउनु पर्ने ।
- समाजमा शैक्षिक चेतना मुलक कार्यक्रमहरु समयसमयमा संचालन गर्नुपर्ने ।
- राजनैतिक अस्थिरताको अन्त्य हुनु पर्ने । सरकारले शैक्षिक सामग्रीहरु विद्यालयमा सजिलै उपलब्ध गराउन सक्नु पर्ने ।
- मातृभाषामा शिक्षा प्रदान गरिनु पर्ने ।
- शिक्षकले सम्पूर्ण विद्यार्थीहरुलाई समान व्यवहार गर्नुपर्ने
- विद्यार्थी केन्द्रित विधिमा शिक्षकले शिक्षण गराउन जोड दिनुपर्ने ।
- विद्यालयको भौतिक अवस्था राम्रो हुनुपर्ने
- विद्यालय नछोड्नका लागि विद्यार्थीहरुलाई आवश्यक पृष्ठपोषण दिइनु पर्ने ।
- प्राथमिक शिक्षालाई अनिवार्य गरिनु पर्ने
- पाठ्यक्रमलाई सामाजिक परिवेश समयको आवश्यकता अनुरुप परिमार्जित गरिँदै लैजानु पर्ने ।
- गुणस्तरीय शिक्षाको व्यवस्था गरिनु पर्ने ।
- विद्यालय छोडेका बालबालिकाहरुलाई शिक्षाको महत्व बुझाई पुनः विद्यालय आउन आवश्यक सल्लाह र सुझाव प्रदान गर्नु पर्ने हुन्छ ।

## अध्याय पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

### ५.१. प्राप्तिहरु

प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको वर्तमान अवस्था अध्ययन गर्नको निमित्त समस्याको पहिचान, उद्देश्य निर्धारण, नमूना छनोट, तथ्याङ्क संकलन र विश्लेषण बाट प्राप्त उपलब्धिहरुलाई उद्देश्य बमोजिम समेटिएको छ । यस अध्ययनका प्राप्तिहरु निम्न अनुसार रहेका थिए ।

- छनोटमा परेका दुईवटा मा.वि.हरुमा प्राथमिक तहमा विद्यालय छोड्ने बालबालिकाहरुको २०६६ र २०६७ को तथ्यांकलाई हेर्दा १२ जना छात्र र २३ जना छात्राले प्राथमिक तहमा विद्यालय छोडेको पाइयो ।
- श्री गडिभवन मा.वि.बाट २०६६ सालमा प्राथमिक तहमा ३ जना छात्र र ८ जना छात्रागरी जम्मा ११ जनाले विद्यालय छोडेको पाइयो । त्यस्तै २०६७ सालमा यस विद्यालयबाट छात्र ३ जना र छात्रा ६ जना गरी जम्मा ९ जनाले प्राथमिक तहमा विद्यालय छोडेको पाइयो ।
- श्री राष्ट्रिय उच्च मा.वि.बाट २०६६ सालमा प्राथमिक तहमा छात्र ४ जना र छात्रा ६ जना गरी जम्मा १० जना विद्यार्थीहरुले विद्यालय छाडेको पाइयो । त्यस्तै २०६७ सालमा यस विद्यालयबाट २ जना छात्र र ३ जना छात्रा गरी जम्मा ५ जनाले प्राथमिक तहमा विद्यालय छाडेको पाइयो ।
- प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुमा १४ जना एकल परिवारका र २१ जना संयुक्त परिवारका रहेका पाइयो ।
- साक्षर अभिभावकहरुले भन्दा निरक्षर अभिभावकहरुले आफ्ना छोराछोरीहरुलाई प्रांथमिक तहमा विद्यालयबाट छुटाउने गरेको पाइयो ।
- परिवारको आर्थिक अवस्था कमजोर भएका बालबालिकाहरु प्राथमिक तहमा विद्यालय छाड्न बाध्य भएको पाइयो ।
- प्राथमिक तहमा विद्यालय छोड्ने बालबालिकाहरुमा बढी मात्रामा दलित जातिका रहेको पाइयो ।
- प्राथमिक तहमा विद्यालय छाड्ने कारणहरुमा बस्ने ठाउँ राम्रो नभएर, विद्यालय टाढा भएर, शिक्षकले पिट्नु भएर, शिक्षकले सोधेका प्रश्नहरुको उत्तर दिन नसकेर, शिक्षकले बेवास्ता गर्ने भएर रहेको पाइएको थियो ।

- प्राथमिक तहमा बालबालिकाहरु बिचैमा विद्यालय छाड्ने आर्थिक कारणहरुमा कापीकलम किन्न नसकेर , भर्ना शुल्क तिर्ने पैसा नभएर, विद्यालयको पोशाक नभएर, पैशाको लागि काम गर्नुपरेर, घरायसी काम हेर्नु पर्ने भएर रहेको पाइएको थियो ।
- प्राथमिक तहमा बालबालिकाहरुले बिचैमा विद्यालय छाड्ने व्यक्तिगत कारणहरुमा उमेर, परीक्षामा असफल भएर बिरामी भएर, दुर्घटनामा परेर, साथीसँगको झगडामा परेर, भाषा नबुझेर, विद्यालय जान मन नलागेर रहेको पाइएको थियो ।
- प्राथमिक तहमा बालबालिकाहरुले बिचैमा विद्यालय छाड्ने पारिवारिक कारणहरुमा कृषि कार्यमा सहयोग गर्नुपर्ने भएकाले घरमा भाइबहिनी हेर्नु पर्ने भएकाले, घरायसी कार्यमा अभिभावहरुलाई सहयोग गर्नुपर्ने भएकोले, परिवारका सदस्यको आकस्मिक निधन भएकोले पैशाको लागि मजदुरी गर्नुपर्ने रहेको पाइएको थियो ।
- प्राथमिक तह पुरा नगरी विद्यालय छोडेका बालबालिकाहरु वर्तमान समयमा सबैभन्दा बढी कृषि पेशामा संलग्न रहेको पाइयो भने मजदुरी घरायसी काम खलासी होटलमा काम गर्ने कार्यमा पनि बालबालिकाहरु संलग्न रहेको पाइएको थियो ।
- प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुले आर्थिक अवस्थामा सुधार, विद्यालय नजिक, विद्यालय र घरमा पढ्ने वातावरण पारिवारिक र सामाजिक अवस्थामा सुधार, स्वास्थ्य स्थिति राम्रो भए पुनः विद्यालयजाने इच्छा व्यक्त गरेको पाइएको थियो ।
- प्राथमिक तहमा बालबालिकाहरुले विद्यालय छाड्ने कारणहरुमा सबैभन्दा प्रमुख कारण कमजोर आर्थिक अवस्था रहेको पाइएको थियो भने समाजमा हुने जातिगत भेदभा, परिवारमा हुने लैंगिक भेदभाव, निरक्षर अभिभावकहरु, छात्रवृत्तिको व्यवस्था नगरिनु, आफ्नो मातभाषामा पढ्ने अनुकुल नहुने, विद्यालय टाढा हुने जस्ता कारणहरुले पनि रहेको पाइयो ।

### ५.२. अध्ययनको निष्कर्ष

प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको वर्तमान अवस्था अध्ययन गर्न दार्चुला जिल्ला दुत्तु  गा.वि.स.मा रहेका दुईवटा सार्वजनिक विद्यालयहरुको स्थलगत भ्रमण गरी निर्माण गरिएको अध्ययन सामाग्रीहरुको प्रयोग गरी आवश्यक तथ्याङ्क संकलन गरी निम्न निष्कर्ष निकालिएको थियो ।

प्राथमिक तहमा विद्यालय छोडेका बालिबालिकाहरुमा छात्रहरु भन्दा छात्राहरु बढी रहेको पाइयो । त्यस्तै एकल परिवारका कम तथा संयुक्त परिवारका बढी बालबालिकाहरु तथा साक्षर भन्दा निरक्षर अभिभावकका बालबालिकाहरुको विद्यालय छोड्ने दर बढी देखियो । बालबालिकाहरुले विद्यालय छोड्ने कारणहरुमा आर्थिक कारण, विद्यालय कारण, व्यक्तिगत

कारण, सामाजिक कारण जस्ता पक्षहरु पाइयो । जसमा शैक्षिक सामग्री खरिद गर्न नसक्नु, भर्ना शुल्क तिर्न नसकनु जस्ता आर्थिक कारण, विद्यालयको वातावरण, विद्यालयको दुरी, शिक्षकहरुको व्यवहार जस्ता विद्यालयीय कारण : उमेर, असफलता, दुर्घटना, साथीहरुको सम्बन्ध, भाषीक कठिनाई जस्ता व्यक्तिगत कारण ; तथा कृषि कार्यमा सहयोग घरायसी हेरचाह जस्ता सामाजिक तथा पारिवारिक कारणहरुले गर्दा बालबालिकाहरुले विद्यालयको अध्ययन छोड्नु परेको पाइयो ।

विभिन्न कारणहरुले गर्दा विद्यालय बिचैमा छाडेका बालबालिकाहरु परिवारको आर्थि अवस्थामा सुधार भए विद्यालय नजिक भए, विद्यालय र घरमा पढ्ने वातावरण राम्रो भएर सामाजिक अवस्था राम्रो भए, स्वास्थ्य स्थिति राम्रो भएमा विद्यलायमा पुर्नस्थापना गराउन सकिन्छ ।

## ५.३. सुझावहरु

प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको वर्तमान अवस्था अध्ययन गरे पश्चात प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रिया प्राप्ति र निष्कर्षलाई आधार मान्दा सो समस्यालाई कम गर्न निम्न सझावहरुलाई प्रस्तुत गरिएको छ :

- विभिन्न जनचेतनामुलक कार्यक्रमहरु समय समयमा आयोजना गरी अभिभावकहरुमा शैक्षिक चेतना अभिवृद्धि गर्नु पर्दछ ।
- अभिभावकहरुलाई बालबालिकाहरुको पढाईलाई निरन्तरता दिन विभिनन खालका उपयोगी कार्यक्रम मार्फत प्रोत्साहन गर्नुपर्दछ ।
- आर्थिक अवस्था कमजोर भएका बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गर्नुपर्दछ ।
- सामाजमा लैंगिक विभेदीकरणलाई निरुत्साहित गर्नुपर्दछ । जसको लागि लैंगिक विभेदका नकारात्मक अवस्थाहरको चित्रण हुने खालका कार्यक्रमहरु वा चलचित्रको उपयोग गर्ने ।
- मातृभाषामा पढ्ने वातावरण मिलाउनु पर्दछ ।
- विद्यालयको संख्यामा विस्तार गरी विद्यालय आउने जाने बाटो, पुल निर्माण गरी बालबालिकाहरुलाई विद्यालय आउन जान सहज बनाइ दिनु पर्दछ ।
- कमजोर बालबालिकाहरुको लागि निशुल्क रुपमा समय मिलाई अतिरिक्त कक्षाको व्यवस्था गर्नुपर्दछ ।
- विद्यालयमा शिक्षकहरुबाट सबै विद्यार्थीहरुलाई सामाजिक न्यायको आधारमा व्यवहार गरिनु पर्दछ ।

- विद्यालयमा समय समयमा विभिन्न पाठ्यान्तर तथा अतिरिक्त मनोरञ्जनात्मक व्यवस्था गराउनु पर्दछ ।
- विकासात्मक शिक्षण विधि तथा बाल केन्द्रित शिक्षण विधिको प्रयोगमा जोड दिनु पर्दछ ।
- स्थानीय परिवेश अनुरुप पाठ्यक्रमलाई समय समयमा परिमार्जित तथा विकासबाट गरिँदै लैजानु पर्दछ ।
- प्राथमिक शिक्षालाई अनिवार्य गरिनु पर्दछ जसको लागि आवश्यक शर्तहरको ग्यारेन्टी अभिभावकहरुमा प्रत्याभूमि गराउनु पर्दछ ।
- प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुलाई पुनः विद्यालयको पहुँचमा पुऱ्याउन विभिन्न प्रकारका शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

## सन्दर्भ सामाग्रीहरु


अर्याल, गीता (२००६), भक्तपुर जिल्लाको शहरी र ग्रामीण सामुदायिक प्राथमिक विद्यालयहरुमा छात्राहरुले कक्षा छोड्ने दर तथा यसका कारणहरुको अध्ययन अप्रकाशित शोधपत्र, अर्थशास्त्र विभाग, त्रि.वि. काठमाडौं ।

अन्तरिम योजना (२०६४-२०६७), काठमाडौं, *राष्ट्रिय योजना आयोग*।

बस्नेत, रुपनारायण (१९८७), *थारु केटाकेटीले बीचैमा विद्यालय छोड्ने, कारणहरु ।* अप्रकाशित शोधपत्र ताहाचल, काठमाडौं ।

भट्टराई, ज्ञानेश्वर (२०६६), बृहत् शैक्षिक सामान्य ज्ञान, रत्न पुस्तक भण्डार, काठमाडौं ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६४), *शिक्षाका आधारहरु,* एम्.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहिटी, काठमाडौं ।

शिक्षा मन्त्रालय (१९९३), *नेपालमा प्राथमिक शिक्षामा कक्षा दोहोर्‍याउने र छाड्ने दर,* काठमाडौं, शिक्षा विभाग ।

शिक्षा विभाग (२०६७), फ्ल्यास रिपोर्ट, भक्तपुर ।

CERID (1983). *Primary Education in Nepal: Progress Towards Unversalization.* Kathmandu: Central for Educational Research Innovation and Development, T.U.

CERID (1987). *An Inquiry into the Causes of Primary School in Rural Nepal*. Kathmandu: Central for Educational Research Innovation and Development, T.U.

Horbison, L. and P. Myers (1957). *A Book: Education*. Manpower and Economic Growth Uganda Reprt.

Singh, M.L. (1973). *Eductiona Wastage in Nepal*. Paper Based on Survey Conducted at Kathmandu. Bhaktapur and Kavre. Singhdarbar, Kathmandu, National Education Committee.

## अनुसूची १

## शिक्षकसँगको अन्तर्वार्ताको निमित्त तयार गरिएको अन्तर्वार्ता प्रश्नावली

**विद्यालयको नामः** **मिति :**

**शिक्षकको नाम :** **योग्यता :**

१. तपाइको विद्यालयमा बालबालिकाहरु प्राथमिक तहमा विद्यालय छोड्ने गरेका छन् कि छैनन् ?

२. बालबालिकाले विद्यालय छोड्न्का कारण के के होलान् ?

३. कस्तो पारिवारिक, सामाजिक र आर्थिक अवस्था भएका बालबालिकाहरुले प्राथमिक तहमा विद्यालय छोड्ने गरेका छन् ।

४. ती बालबालिकाहरु वर्तमान समयमा के कस्ता कार्यमा संलग्न छन् ?

५. ती बालबालिकाहरुको वर्तमान अवस्था के कस्तो छ ?

६. ती बालबालिकाहरुको अभिभावकहरुको आफ्ना बालबालिकाहरुको शिक्षा प्रतिको धारणा कस्तो छ ?

७. ती बालबालिकाहरुलाई विद्यालयमा पुनः भर्ना गर्न विद्यालयले के कस्ता कदमहरु चाल्नु भएको छ ?

८. बालबालिकाहरुले प्राथमिक तहमा विद्यालय छोड्ने दर न्यून गवर्न के कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छन् ?

९. बालबालिकाहरुले प्राथमिक तहमा विद्यालय छोड्ने दर न्यून गर्न कुन-कुन पक्षले कस्तो भूमिका निर्वाह गर्नुपर्दछ ?

१०. प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरु पुनः शिक्षाको पहुँच भित्र ल्याउन कस्ता कार्यक्रमहरु संचालन गर्नुपर्दछ ।

## अनुसूची २

## प्र.अ. सँगको अन्तर्वार्ताको निमित्त तयार गरिएको अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नाम: मिति :

प्र.अ.को नाम : योग्यता :

१. तपाईको विद्यालयमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरु छन् कि छैन ?

२. प्राथमिक तहमा बालबालिकाहरुले विद्यालय छोड्नुको कारण के होला ?

३. प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरु वर्तमान अवस्थामा के कस्ता कार्यमा संलग्न छन् ?

४. प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको पारिवारिक अवस्था कस्तो छ ?

५. ती बालबालिकाहरुको सामाजिक अवस्था कस्तो छ ?

६. उनीहरुको अभिभावकको शिक्षाप्रतिको धारणा कस्तो छ ?

७. ती बालबालिकाहरुलाई विद्यालयमा पुनः भर्ना गर्नको लागि तपाईले कस्तो कदम चाल्नु भएको छ ?

८. ती बालबालिकाहरुले विद्यालयमा पुनः भर्ना गर्नको लागि तपाईलाई शिक्षक, अभिभावक, शिक्षाविद, बुद्धिजीवीहरुले कस्तो सहयोग प्रदान गर्नुभएको छ ?

९. प्राथमिक तहमा विद्यालय छोड्ने दर घटाउन के कस्तो उपायहरु अवलम्बन गर्न सकिन्छ ?

## अनुसूची ३

# बालबालिकासँगको खुल्ला प्रश्नावली

नाम : मिति :

उमेर : पेशा :

पढेको कक्षा : भाषा :

१. वर्तमान अवस्थामा के गरिरहनु भएको छ ?

२. तपाईले किन विद्यालय जान छोडनु भयो ?

३. के तपाईलाई शिक्षकले पढाउँदा बोलिने भाषा नबुझेर विद्यालय नजानु भएको हो ?

४. तपाईको घरको आर्थिक अवस्था कस्तो छ ?

(क) उच्च (ख) मध्यम (ग) न्यून (घ) अति न्यून

५. तपाईको घरमा कति जना सदस्यहरु हुनुहुन्छ ?

६. तपाईको परिवारमा कति जनाले पढनु भएको छ ?

७. तपाईको बुबा आमाले छोराछोरी दुवैलाई विद्यालय पठाउनु भएको छ ?

८. तपाइका साथीहरु विद्यालय जानु हुन्छ कि जानु हुन्न ?

९. तपाई जस्तै प्राथमिक तहमा विद्यालय छोडेका अरु साथीहरु छन् कि छैनन् ?

१०. तपाईका अभिभावकहरुले तपाईलाई विद्यालय पढाउन चाहनु हुन्थ्यो ?

११. तपाई जस्तै प्रांथमिक तहमा विद्यालय छोड्ने दर कम गर्नका लागि के गर्नुपर्ला ?

१२. तपाईलाई विद्यालयमा शिक्षकहरुले कस्तो व्यवहार गर्नु हुन्थ्यो ?

१३. तपाईलाई कस्तो अवस्था भए देखि विद्यालय जानु हुन्थ्यो ?

(क) आर्थिक अवस्था राम्रो भए

(ख) विद्यालय नजिक भए

(ग) विद्यालय र घरमा पढ्ने वातावरण राम्रो भए

(घ) पारिवारिक र सामाजिक अवस्था राम्रो भए

१४. तपाई जस्ता प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुलाई पुन : विद्यालयमा भर्ना गराउन कसले-कसले कस्ता उपाय अपनाउन सकिन्छ ?

## अनुसूची ४

## अभिभावकको लागि अन्तर्वार्ता प्रश्नावली

**अभिभावकको नाम :** **मिति :**

**परिवारको किसिम :** एकल ☐ संयुक्त ☐ **पेशा :**

**भाषा :** **शैक्षिक योग्यता :**

**धर्म :** **जग्गा :**

१. तपाईको घरमा कतिजना सदस्य हुनुहुन्छ ?

२. तपाईका छोराछोरीहरु कति जना छन् ?
(क) छोरा (ख) छोरी

३. तपाईले छोराछोरीहरु सबैलाई विद्यालय पठाउनु भएको छ ?

४. तपाईले आफ्ना छोराछोरीलाई विद्यालय नपठाउनुको कारण के हो ,

५. तपाईको छर छिमेकमा सबै अभिभावकहरुले बालबालिकाहरुलाई विद्यालय पठाउने गरेका छन् ?

६. तपाईको समाजमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुले कस्तो काम गरिरहेका छन् ?

७. बालबालिकाहरुको पढाइको लागि निरन्तरता दिन के गर्नु पर्छ ?

८. विद्यालय छोडेका बालबालिकाहरुलाई शिक्षा प्रदान गर्न के गर्नुपर्ला ?

## अनुसूची ५

# प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरको तथ्याङ्क संकलन फाराम

विद्यालयको नाम :

ठेगाना : मिति :

| | | विद्यार्थी संख्या २०६६ | विद्यार्थी संख्या २०६७ |
|---|---|---|---|
| कक्षा १ | छात्रहरु | | |
| | छात्राहरु | | |
| | जम्मा | | |
| कक्षा २ | छात्रहरु | | |
| | छात्राहरु | | |
| | जम्मा | | |
| कक्षा ३ | छात्रहरु | | |
| | छात्राहरु | | |
| | जम्मा | | |
| कक्षा ४ | छात्रहरु | | |
| | छात्राहरु | | |
| | जम्मा | | |
| कक्षा ५ | छात्रहरु | | |
| | छात्राहरु | | |
| | जम्मा | | |

स्रोत :

## अनुसूची ६

## छनोटमा परेका विद्यालय र प्रधानाध्यापकको नामावली

| क.सं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम |
|---|---|---|
| १ | श्री राष्ट्रिय उच्च मा.वि., दत्तु | राजेश सिंह सामन्त |
| २ | श्री गडिभवन मा.वि., थापला | भवान सिंह सामन्त |

## अनुसूची ७

## छनोटमा परेका शिक्षकको नामावली

| विद्यालयको नाम | शिक्षकको नाम |
|---|---|
| श्री राष्ट्रिय उच्च मा.वि. | उदय सिंह धामी |
| | जगत सिंह नगारी |
| | सुन्दर सिँह नगारी |
| | आन सिंह नगारी |
| | लाल सिंह चैसिर |
| | कृष्ण सिंह धामी |
| श्री गडिभवन मा.वि., थापला | ललित सिंह सामन्त |
| | पुष्कर सिंह सामन्त |
| | दान सिंह धामी |
| | इन्द्र सिंह सामन्त |
| | शेर सिंह धामी |
| | कमला सामन्त |

अनुसूची ८

## छनोटमा परेका अभिभावक र बालबालिकाहरुको नामावली

| अभिभावकको नाम | बालबालिकाको नाम |
|---|---|
| भद्र सिंह भाट | दिवान सिंह भाट |
| हरि सिंह भाट | पार्वती भाट |
| अर्जुन सिंह धामी | सुमन सिंह धामी |
| भवानी नगारी | भूमिका नगारी |
| रमेश सिंह नगारी | समीक्षा नगारी |
| गणेश सिंह नगारी | रुविता नगारी |
| कविता नगारी | सुनिता नगारी |
| लोकेन्द्र राम लावड | सृजना लावड |
| इन्द्र राम लावड | सुमिता लावड |
| भक्त राम लावड | पवित्रा लावड |
| अनिल लावड | करुणा लावड |
| नयन राम लावड | उपेन्द्र लावड |
| हरिराम लावड | शान्ति लावड |
| विक्रम राम लावड | सुन्दर लावड |
| भुरेराम चुनारा | इन्द्रा चुनारा |
| कविराम चुनारा | पार्वती चुनारा |
| रविनद्रराम चुनारा | श्याम चुनारा |
| गोपाल राम चुनारा | प्रदिप चुनारा |
| रामेश्वर राम चुनारा | अनिता चुनारा |
| विक्रम राम लुहार | फूलमाया लुहार |
| कल्यान राम लुहार | उमेश राम लुहार |
| प्रेम राम लुहार | शंकर लुहार |
| अमर सिंह बोहरा | भुवन बोहरा |
| त्रिलोक सिंह कार्की | दमयन्ती कार्की |
| उद्धव कार्की | उर्मिला कार्की |
| रोशन कार्की | सिता कार्की |
| कमल सार्की | सिता सार्की |
| गजेन्द्र सार्की | कविता सार्की |

| | |
|---|---|
| सुजता चैसिर | विष्णु कुमारी चैसिर |
| गगन सिंह चैसिर | सविता चैसिर |
| भगत सिंह चैसिर | अमरसिंह चैसिर |
| कल्यान सिंह चैसिर | करुणा चैसिर |
| सुनिल वि.क. | देवी वि.क. |
| पदम वि.क. | अमर वि.क. |
| रामीराम कोली | सिता कोली |